
# भूमि अधिकार

वर्ष १२, पूर्णाङ्क ३५, पुस २०७०

नयाँ संविधानमा भूमि सुधारका मुद्दा ५




४० जोडी सम्मानित २६



सामूहिक खेतीबाट आम्दानी २४



आधारपत्र प्राप्त भयो २५




मधेसमा भूमि सुधार र आर्थिक रूपान्तरण . . . . . . . . . . . . . . . . . . . ३

घट्दैछ कृषियोग्य जमिन . . . . . . . . . ६

जमिनको अतिक्रमण र असर . . . . . . . ८

भूमि अभियानमा आन्दोलन कोष . . . . १०

खोसिएको २९ वर्षपछि किसानले पाए हक . . . . . . . . . . . . . . . . . . १२

कार्यमुखी बैठक र सिकाइहरु . . . . . . १४

सहकारी अभियान . . . . . . . . . . . . . १७

यात्राः बगेको खुसी . . . . . . . . . . . . . १८

कुराकानी . . . . . . . . . . . . . . . . . १९

अगुवाका कुरा . . . . . . . . . . . . . . . २०

सङ्गठन परिचय . . . . . . . . . . . . . . २०

गतिविधि . . . . . . . . . . . . . . . . . . २३



प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल

फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org

**लेआउट/डिजाइन** : मिडिया क्याफे, अनामनगर


**आवरण तस्बिर** : बर्दियाको डल्लास्थित होमस्टेमा गरिएको वकालतीय तालिममा मोही किसान ६८ वर्षीय सलारु वागवान ।

# ध्यान भूमि अधिकारबाट वञ्चितप्रति

संविधान सभा निर्वाचन सकिएको छ । दलहरूले गरेको वाचा अनुसार भए एक वर्षभित्रमा संविधान पनि बन्ला । यहाँनेर बिर्सन नहुने कुरा यो छ कि मुलुकमा संविधान नभएर वा हराएर वा च्यातिएर नयाँ बनाउनुपरेको हैन । अन्यायमा पारिएका, विकास र अवसरबाट टाढा पुर्‍याइएका, राज्य र समुदायबाट हेपिएकालाई न्याय दिलाउनका लागि नयाँ संविधान आवश्यक परेको हो । त्यो पनि संविधान सभाबाटै । त्यसैले संविधान बन्छ या बन्दैन भन्नुभन्दा पनि भुइँ तहका सर्वसाधारणलाई छुनेखालको, उनीहरूको चुलो र जीविका सहज पार्नेखालको संविधान आउँछ वा आउँदैन भन्ने सवाल नै मुख्य हो ।

यही क्रममा भूमि अधिकारबाट वञ्चितहरूले पनि ठूलो आशा र विश्वासका साथ संविधान सभा निर्वाचनमा सहभागी भएर प्रतिनिधि चुनेका छन् । असमान तथा अन्यायपूर्ण जमिन वितरणका कारण लामो समयदेखि सताइएका उनीहरू बल्ल संविधान सभामार्फत् बन्ने संविधानले न्याय दिलाउनेमा विश्वस्त देखिएका छन् । यही कारण हो- विभिन्न भय र अवरोधका बीच पनि उनीहरूले मतदानमा सक्रियता देखाए र एउटा असल मतदाताले निर्वाह गर्नुपर्ने भूमिका पूरा गरे । प्रजातान्त्रिक तरिकाबाट आफ्ना हक अधिकार खोज्ने भूमिपीडितहरूको यो सदासयता र प्रक्रियालाई कमजोरी ठानियो भने त्यसले निम्त्याउने समस्याको आकार अकल्पनीय पनि हुन सक्छ ।

अब समस्याको बल दल र तिनका शीर्ष नेतृत्वसमक्ष पुगेको छ । भूमिहीन र गरिब किसानले पास दिएको बल उनीहरूले मिलाएर अगाडि बढाउन सके भने गोल हुन्छ अर्थात् समस्याले निकास पाउँछ, अन्यथा बल चौरभित्रमात्रै रुमलिने अवस्थाले न खेल सिध्दिन्छ न त खेलाडी नै जीत हारको अवस्थामा पुग्छन् । यो भद्रगोले पारा अब भने टुङ्गिनै पर्छ । अहिले मुलुकभरका भूमिपीडितको एउटै आवाज यही हो । अर्थात् अब दलहरूले भूमि समस्या बाँकी राखेमा त्यो उनीहरूका लागि प्रत्युत्पादक हुने निश्चित छ । किनकि धेरै पटक उनीहरूले आश्वासन खाइसके अब यसलाई पचाउन सक्ने क्षमता उनीहरूमा बाँकी छैन ।

अहिले संविधान सभा निर्वाचनले ठूला घोषित गरेका दलहरु संविधान सभा र सरकार गरी दुई मोर्चाको नेतृत्व सम्हाल्ने तरखरमा छन् जबकि यी दुवै भूमि समस्या समाधानको साँचो रहेका स्थान हुन् । त्यसैले उनीहरूले चाहे भने दुवै मोर्चाबाट भूमि र कृषि क्षेत्रमा देखिएका समस्या समाधान गर्ने हैसियत राख्छन् । संविधानले नीतिगतरूपमा र सरकारले कार्यक्रमिकरूपमा यो समस्याको छिनोफानो गर्न सक्छन् । मात्र उनीहरूमा इच्छाशक्ति आवश्यक देखिएको छ । जुन शक्ति अहिले पनि प्रयोग भएन भने अब उनीहरूका लागि बाँकी दिन सहज नहुन पनि सक्छन् ।

त्यसैले समग्रमा भन्नुपर्दा दलहरूले मुलुकका गरिब र निमुखा तथा पछाडि पारिएका जनतालाई दिएको आश्वासन साँच्चिकै सही थियो भनेर प्रमाणित गर्ने हो भने भूमि र कृषिका समस्या समाधान गर्नैपर्छ । जुन उनीहरूले आफ्ना चुनावी घोषणापत्रमा समेत उल्लेख गरेका छन् । आफैँले गरेका वाचा पटकपटक लत्याउनेलाई निरोगी मान्न सकिन्न । त्यसैले यस्ताको सही उपचार फेरि जनताले अर्को चुनावका बेला मतदानमार्फत् गर्ने नै छन् । जतिबेला अहिले डाडुपन्युँ हातमा रहेका बेला केही नगर्नेहरूसँग पश्चातापमात्र बाँकी रहनेछ । यो काम फेरि पनि सजिलै हुने छैन । चुनाव अगाडि आफ्ना मुद्दा जसरी उठाइयो, संविधान लेखनको क्रममा पनि भूमि अधिकारबाट बञ्चितहरू उत्तिकै सचेत र जुझारू भएर लाग्नुपर्छ । ●

# मधेसमा भूमि सुधार र आर्थिक रुपान्तरण



■ जगत बस्नेत

'एक मोही ५६ मुद्दा' कान्तिपुरमा ठाकुरसिंह थारूको समाचार २९ मङ्सिर २०७० मा पढेपछि मधेसको भूमि सुधार विषयमा लेख्न मन लाग्यो । समाचारअनुसार बाँके जिल्ला इन्द्रपुर ६ का आशाराम अहिरले सोही गाविसका जमिनदार बृजभुषण मिश्रको १४ कठ्ठा जमिनका लागि ५६ मुद्दाको तारेख ४ वर्षदेखि धाइरहेका छन् । उनको प्रत्येक वर्ष १४ वटा मुद्दा बढ्छन् ।

तराईको आर्थिक शक्ति संरचनाका विषयमा अर्जुन गुणरत्नेले नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकतासम्बन्धी पुस्तकको भूमिकामा नर्वेजियन अर्थशास्त्री म्यानस ह्याटलबाकलाई उदृत गरी लेखेका छन्- 'तराईका गरिब किसानलाई विकासको मूलधारबाट बाहिऱ्याउने राजनीतिलाइ मूलतः मधिसे जमिनदार वर्गको राजनीतिका रूपमा लिन सकिन्छ ।' मधेसका जमिनदारहरूले त्यहाँका गरिब र दलितलाई परिचालन गरेर आफ्नो राजनीति सुरक्षा गरेका छन् ।

ह्याटलबाकका अनुसार तराईका जमिनदारले शासन गरेको स्थानमा दलित र अन्य भूमिहीन गरिब मोहीको अवस्था सुध्रन्छ भन्ने छैन । गुणरत्ने लेख्छन्- 'तराईको आन्दोलन मधेसको आर्थिक असमानता हटाउनेभन्दा पनि आफ्नो शक्ति र सम्पत्तिको बचावटमात्रै हो । तराईको राजनीति अहिले पनि जमिनदारको हातमा नै छ त्यसैले आन्दोलन वा अन्य छलफलमा आर्थिक असमानता देखाउने दाँतमात्रै हो ।' यस भनाईले मधेसी दलित र तराईका मधिसे गरिब तराईकै जमिनदारबाट पीडित छन् र आर्थिक विकासको मूलधारभन्दा बाहिर छन् भन्ने स्पष्ट हुन्छ ।

राजा र राणाहरूले तराईको जमिन आफ्ना भाइभारदार र सहयोगीलाई बाँडे । जसले जमिन पाए, जमिनको आम्दानीले उनीहरू केही समयमा नै मालामाल भए । विजय मिश्र मधेस विद्रोहको नालीबेलीमा फादर स्टिलरको भनाई उदृत गर्दै लेख्छन्- 'थारूहरू तराईका सबभन्दा बढी शोषितभित्र पर्दछन् जसले तराईको जङ्गललाई कृषियोग्य भूमि बनाए तर पछि राज्यले विर्ता र जागिरका नाममा राज्यका नातेदार र जागिरदारलाई बक्सिस दियो ।

> कृषि समाजमा धन कमाउने एउटैमात्र साधन जमिन हो । अझ नेपालको सन्दर्भमा शक्ति र पहिचान पनि हो ।

थारूहरू र तराईका दलितहरू पहाड र तराईका उच्चजातका समुदायसँग जमिनका लागि प्रतिस्पर्धा गर्न नसक्दा उनीहरू जङ्गलतिर धकेलिँदै गए ।' स्टिलरको भनाईबाट न उनीहरूले तराईका उच्च जातिका मानिस र पहाडका मानिससँग प्रतिस्पर्धा गर्न सके न भएको जमिन नै आफ्नो नियन्त्रणमा राख्न सके । जङ्गल फँडानी र कृषि उत्पादन सँगै लैजान पाउने भएकाले र राज्यले पनि छुट दिएकाले थारूहरू र दलितहरू विवाद गर्नुभन्दा सजिलो बाटो रोज्न लागे । अहिले त्यही जङ्गल वन सिमाना र सामुदायिक वनभित्र पारियो र उनीहरूलाई वन अतिक्रमणका नाममा लखेटिँदै छ ।

फ्रेडरिक एज. गेजका अनुसार पहाडबाट तराई बसाइँ सरेर आउने पनि धनीचाहिँ थिएनन् । सन् १९६६ देखि १९६७ मा कैलाली जिल्लामा बसाइँ सर्ने २०० परिवार तल्लो जातिका, ३०० देखि ४०० परिवार क्षत्री ब्राह्मण थिए तर क्षत्री ब्राह्मण पनि धनीचाहिँ थिएनन् । जो पहाडे तराईमा बसाइँसराइ गरे, उनीहरू स्थानीय नेतृत्व आफ्नो हातमा लिन सफल भए । स्थानीय नेतृत्व आफ्नो हातमा लिँदै स्थानीय राजनीतिलाई आफ्नो नियन्त्रणमा लिनासाथ जमिन आफ्नो बनाउँदै गए । फ्रेडरिक गेजले गरेको अध्ययनमा झापाका ४० प्रतिशत सबभन्दा ठूला जमिनदार राष्ट्रिय पञ्चायतका सदस्य थिए । यो झापामा मात्र नभएर तराईका प्रायः सबै जिल्लामा नै जमिनदारको नेतृत्वमा राष्ट्रिय, जिल्ला र गाउँ पञ्चायतहरू रहे । जिल्लाका प्रशासक र जमिनदारबीच सत्रुता हुनुपर्नेमा मित्रता रह्यो । गरिबलाई सेवा गनुपर्ने राष्ट्रसेवक कर्मचारी जमिनदारका कर्मचारी बने ।

जमिनदार र कर्मचारीबीच शक्ति सम्बन्ध कायम रह्यो । तराईका गरिब किसान, थारू र दलितलाई नागरिकताबाट वञ्चित गर्दै प्रहरी, प्रशासन, सरकारी सेवा आफ्नो नियन्त्रणमा राखे । भूमिको अधिकार माग्दा वा नागरिकता माग्दा पञ्चायत विरोधीको आरोप लगाइयो र नागरिकता र भूमिबाट वञ्चित गरियो । प्रजातन्त्र आएपछि भूमि सुधार हुन्छ भन्ने नारा दिइयो तर २०४६ को प्रजातन्त्रपछि तिनै जमिनदार कङ्ग्रेस कम्युनिष्टमा रातारात पसे । यही कारण

तराईको आर्थिक शक्ति संरचनामा कुनै परिवर्तन हुन सकेन ।

भाष्कर गौतम, मधेस विद्रोहको नालीबेलीमा लेख्छन्- '२०६३ माघको मधेस विद्रोहले सामाजिक सम्बन्धमा धेरथोर परिवर्तन दिए पनि आमगरिब मधेसीहरूको आर्थिक जीवनयापनमा फेरबदल दिन सकेन । उनी लेख्छन्- सिरहा सप्तरीका दलित महिला पुरूष भन्छन्, जे दियो तिनै उच्च मधेसीहरूलाई दियो तर गरिबहरूलाई जस्ताको त्यस्तै राख्यो । उनका अनुसार मूलतः: त्यो तराईका जमिनदारको राजनीतिक हैसियत प्राप्त गर्ने आन्दोलन मात्रै थियो । उनले सुरेश ढकालले मूल्याङ्कनको लेख उदृत गर्दै लेखेका छन्- 'त्योभन्दा बढी पश्चिमा मुक्त कमैया र नेपालमा चलिरहेको भूमि अधिकारको आन्दोलनले गरिबहरूको सामाजिक आर्थिक सम्बन्धमा परिवर्तन ल्याउन सहयोग गरिराखेको छ ।'

गौतमका अनुसार २०६३ को माघे विद्रोह केवल राजनीतिक हकदाबीको मात्रै आन्दोलन भयो यसले गरिब भूमिहीनहरूको आर्थिक र सामाजिक जीवनमा खासै परिवर्तन ल्याउन सकेन । यो आन्दोलनमा मारिने सबै मधेसका गरिब थिए कोही पनि जमिनदार र धनी वर्गका थिएनन् । गौतमा लेख्छन्- सिरहा सप्तरीका गरिब, भूमिहीन तथा दलित भन्छन्, हामी त जमिनमाथिको हकलगायत् आर्थिक, सामाजिक, शैक्षिक रूपान्तरणको माग लिएर रोडमा आएका थियौं तर केवल जमिनदारको राजनीतिक हक दाबीमा मात्रै सीमित रह्यो यो माघे आन्दोलन ।

जमिनदारका परिवार अझ छतमा बसेर हामीलाई गिज्याउँथे । हामी भोकभोकै आन्दोलनमा लठ्ठी लिएर हिँड्थ्यौं । गौतमका अनुसार यस आन्दोलनले मधेसभित्रको सामन्ती सामाजिक अन्तरसम्बन्धलाई अझ बलियो बनाउन सहयोग पुर्‍यायो वा मजबुत बनायो । हुन पनि २०६४ भदौ १३ मा मधेसी जनअधिकार फोरम र नेपाल सरकारबीच भएको सम्झौताको १५ नं. बुँदामा माओवादीद्वारा कब्जा गरिएका जमिन र घर फिर्ता गर्ने सहमतिमा हस्ताक्षर भयो । यो माग मधेसी नेताहरूका तर्फबाट राखिएको थियो । जुन भूमि सुधारविना नै अनुपस्थित जमिनदारको जमिन फिर्ता गर्नु तराईका गरिब भूमिहीनका हितमा थिएन । गेजका अनुसार मैदानको राजनीतिलाई सक्रिय बनाउने र महत्वपूर्ण गुनासो जमिनसम्बन्धी द्वन्द्व हो । जमिनको समाधान नभएसम्म तराईको द्वन्द्व समाधान हुँदैन ।

कृषि समाजमा धन कमाउने एउटैमात्र साधन जमिन हो । अझ नेपालको सन्दर्भमा शक्ति र पहिचान पनि हो । राजनीतिमा धनको ठूलो भूमिका हुन्छ तर तराईका मोही र भूमिहीनले कहिले पनि जमिनको स्वामित्व पाएनन् जुन उनीहरूको पहिचान, आर्थिक स्वतन्त्रता र सामाजिक प्रतिष्ठासँग गाँसिएको थियो । जमिनदारसँग भएको स्रोतसाधनले ठूलो प्रभाव पार्छ र उसलाई राजनीतिमा लाग्न र लगानी गर्न प्रशस्त समय पनि दिन्छ । जोसँग जमिन हुन्छ उसलाई व्यवसाय गर्न, धितो राखेर ऋण लिन, नागरिकता लिन, विदेश जानलगायत्का थुप्रै अवसर दिन्छ ।

गाउँमा को धनी छ भनेर नाप्ने एउटै मात्र साधन वा सूचक ऊसँग भएको जमिन नै हो । जमिनको स्वामित्व, माथिल्लो जात र राजनीतिमा सक्रिय भएमा त्यसलाई अरूले भेट्टाउन सक्दैन किनभने गाउँको पूरै शक्ति संरचना उसको नियन्त्रणमा हुन्छ । विकासोन्मुख मुलुकमा राजनीतिक र आर्थिक शक्ति एउटै सभ्रान्त वर्गको हातमा छ । गेज लेख्छन्- 'नेपालको सम्पत्तिको ठूलो हिस्सा कृषियोग्य जमिनको ठूलो भाग, साना उद्योगको अधिकांश हिस्सा, ठूला उद्योगको उल्लेखनीय अंश र नेपाल र बाहिरी देशबीच रहेको व्यापारको अंश तराईका थोरै मानिसको नियन्त्रणमा छ जसले राष्ट्रिय राजनीतिमा पनि नियन्त्रण जमाएका छन् ।' त्यसैले तराईमा सामन्ती प्रथा पनि जीउँदै छ, जसलाई भूमि सुधारले मात्रै अन्त गर्न सक्छ ।

क्रान्तिकारी भूमि सुधारको नारा दिने माओवादीले तिनै तराईका जमिदारहरूसँग सत्ता समीकरण गरे । माओवादीहरूकै शब्दमा जसले २०६५ वैशाख महिनादेखि बन्द रहेको मोही हक निवेदन र आधा जमिन लिन पाउने कानुनी प्रावधानलाई पनि खुलाउन दिएनन् ।

२०६४ को चुनाव जित्नासाथ डा. बाबुराम भट्टराईले इन्डियाबाट प्रकाशित हुने इकोनोमिक विक्लीलाई दिएको अन्तरवार्तामा उनको सरकारको पहिलो काम भूमि सुधार नै हो भने तर उनी आफैं प्रधान मन्त्री हुँदासमेत मोहीको निवेदन दिने र मोहियानी हक लिने कामसमेत गर्न सकेनन् । भूमि सुधार वा भूमिको वितरण त परै जाओस् । १८ महिनामा भूमिहीनलाई एउटा परिचयपत्र बाँड्न सकेनन्, जुन कुरा ६ महिना पनि लाग्ने थिएन, सुकुम्बासीले जमिन पाउने कुरा टाढाकै रह्यो । तराईका मानिसका लागि अहिले पनि पहिचान भनेकै भूमिमाथिको स्वामित्व हो, आर्थिकरूपमा स्वतन्त्र हुनु हो, आर्थिकरूपमा रहेको शोषण समाप्त हुनु हो । एकल वा बहुजातीय पहिचान होइन ।

तराईका दलित चौधरी, गरिबहरू तराईकै जमिनदारबाट शोषित छन्, पीडित छन्, अपहेलित छन् । उनीहरूलाई त्यो अपहेलित वा शोषित हुने पहिचानभन्दा स्वतन्त्र हुने, सम्मानसाथ बाँच्न पाउने भूमिमाथिको स्वामित्व र आर्थिक रूपान्तरण चाहिएको छ ।

अहिले जितेका राजनीतिक पार्टीहरू र सरकारले मधेसको भूमि सुधारलाई अपहेलना गरे वा भूमि सुधारको मुद्दालाई ओझेलमा राखे वा भूमि सुधारको कामलाई थाँती राखे भने अर्को मधेस आन्दोलन तराईका गरिब, भूमिहीन, मोही, कृषि मजदुर, हलिया, हरूवाचरूवा र गरिबहरूबाट हुनेछ र अहिले सत्तामा जाने दलहरू पाखा लाग्नेछन् । एक जना गरिबले ५६ मुद्दा खेप्नुपर्ने पीडा गरिब जनता सधैं सहेर बस्ने छैनन् । अब उनीहरू सडकमा आउनेछन् । अब सत्ता र सरकारका लागि होडबाजी होइन, गरिब जनताको आर्थिक रूपान्तरण र भूमि सुधारका लागि गरिब जनता कुरेर बसेका छन् । अहिलेको चुनावले यही सन्देश दिन्छ । ●

# नयाँ संविधानमा भूमि सुधारका मुद्दा

मुलुकमा रहेका लाखौं भूमिहीन, सुकुम्बासी, मोही, हरूवाचरूवा जस्ता भूमि अधिकारबाट वञ्चितका समस्या समाधान गर्न संविधानमा के लेखिएला भन्ने कौतुहलता सबैलाई छ । वर्षौंदेखि समस्याको आहालबाट मुक्ति खोजिरहेकाहरूले आफ्नो अधिकार संरक्षणका लागि यस्तो आशा राख्नु स्वाभाविक पनि हो ।

संविधान सभाका लागि उमेदवार बनेका व्यक्ति र उनीहरूका दलले यो चुनावको अवसरमा पनि आफ्नो घोषणापत्रमा भूमि सुधारका मुद्दाहरू उठाएका थिए । अब उनीहरूले चुनावमा आफ्नो घोषणापत्रमा उठाएका भूमि तथा कृषि सुधारको मुद्दालाई संविधान सभामा कत्तिको प्राथमिकताको साथमा उठाउनेछन् त्यो भने हेर्न बाँकी छ ।

लेखिँदैं गरिएको संविधानमा प्राकृतिक स्रोत जमिन वास्तविक खेती गर्ने किसान, कृषिश्रमिक र भूमिहीन तथा मोहीको पहुँच र नियन्त्रणमा जाने स्पष्ट व्यवस्था हुनुपर्दछ । ग्रामीण विकास, सामाजिक न्याय, गरिब वर्गको जीविका सुरक्षालाई ग्यारेन्टी गर्न आवश्यक भूमि सुधार गर्न संविधान कुनै पनि हिसावले बाधक बन्नुहुँदैन । नेपालको भूमि व्यवस्था न्यायिक र प्रभावकारी बनाउनका लागि तलका विषय संविधानमा समेटिनुपर्दछ :

**प्रस्तावनामा के छुटाउनु हुन्न ?**


अर्धसामन्ती तथा अनुपस्थित जमिनदारी संरचनाको पूर्ण अन्त्य गरी सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानको स्वामित्वमा रहने उल्लेख हुनुपर्दछ ।

**मौलिक हक खण्डमा पर्नैपर्ने :**

**सम्पत्तिमाथिको हक**

प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ तर भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले भूमिमा जसले आफ्नै श्रमले उत्पादन कार्यमा सक्रिय हुन्छ, उसैको नियन्त्रण र स्वामित्व हुनेछ ।

भूमि सुधार गर्दा हदबन्दी लगाई जमिनको पुनर्वितरण गरिनेछ । र, हदबन्दीभन्दा बढीको जगगाको क्षतिपूर्ति दिइने छैन ।




**शोषणविरूद्धको हक**

कसैलाई हलिया, हरूवा-चरूवा, कमलरी वा नोकरचाकर राख्न पाइने छैन । कसैलाई बाँधा बनाउन पाइने छैन ।

**खाद्य अधिकार तथा आवासको हक**

प्रत्येक व्यक्तिलाई खाद्य अधिकारको हक हुनेछ ।

सबै नेपाली नागरिकलाई पारिवारिक रूपमा सुरक्षित आवासको हक हुनेछ ।

**नागरिकको कर्तव्य**

खेतीयोग्य जमिन बाँझो राख्न वा ठेक्का, अधिया वा लिजमा, मोहियानीमा दिन नपाउने, आफ्नै श्रम र लगानीबाट उत्पादनमा वृद्धि गर्नुपर्ने तर उचित ज्याला दिएर भने काममा लगाउन पाउने ।

**राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू**

**राज्यको दायित्व**

१) सामन्ती भू–स्वामित्वको अन्त्य गर्दै क्रान्तिकारी भूमि सुधार लागु गर्ने ।

२) मोही, सुकुम्बासी, हलिया, हरूवा-चरूवा, कमैया, कमलरी, कृषि मजदुरलगायत्का आर्थिक सामाजिकरूपले पछाडि पारिएको वर्गलाई जग्गालगायत् आर्थिक, सामाजिक सुरक्षासहित पुनर्स्थापना गर्ने ।

३) आवास र कृषि जमिनको स्वामित्व र नियन्त्रण एवम् पैत्रिक सम्पत्तिमा महिला-पुरूष, छोरा-छोरी दुवैको व्यवहारमै समान हक हुने व्यवस्था गर्ने ।

**निर्देशक सिद्धान्त**

१) देशमा उपलब्ध प्राकृतिक स्रोत-साधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायको आधारमा वितरण गरी भूमि सुधारका माध्यमबाट गरिब मानिसको जीवनस्तरमा आमूल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ ।

२) प्राकृतिक स्रोतहरूको अधिकतम् प्रयोग गरी ग्रामीण औद्योगिकीकरण र रोजगार सिर्जना र आर्थिक उन्नति गर्ने राज्यको उद्देश्य हुनेछ ।

३) भूमिमा श्रम गर्ने किसान र कृषि श्रमिकको समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनाहरूमा सहभागिताको हक हुनेछ । ●

# घट्दैछ

# कृषियोग्य जमिन

प्लटिङ, उद्योगधन्दा स्थापना र बढ्दो सहरीकरणका कारण पछिल्लो दश वर्षयता कृषियोग्य जमिन गैरकृषि प्रयोजनतर्फ परिणत हुने क्रममा वृद्धि भइरहेको छ । कृषियोग्य जमिन किसानहरूबाट व्यापारीले किने । त्यसपछि उनीहरूले तिनै किसानले भविष्यमा कहिल्यै जमिन खरिद गर्न नसक्ने गरी भारी मूल्य बढाइदिए । जुन जग्गा अहिले खेतीयोग्य तर्फभन्दा पनि प्लटिङ्गतर्फ बढी गएको छ । यस्तो प्रवृत्ति हामीले देशभर नै देख्न सक्छौं । जहाँ बस्ती सहरतर्फ विकास हुँदैछ, जहाँ राजमार्गले छोएका छन् त्यस्ता ठाउँमा जग्गाको मूल्य छोइनसक्नु गरी वृद्धि भएको छ ।

नेपाल कोलिशन फर फुड सेक्युरिटी एण्ड वाटरको सहयोगमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमार्फत् गरिएको अध्ययनले पनि कृषियोग्य जमिन गैरकृषितर्फ परिणत हुँदै गएको देखाएको छ । अध्ययन बाराको सिमरा, मोरङको बेलबारी र धादिङको धादिङबेसीमा गरिएको थियो । छानिएका जिल्लाबाट एक/एक गाविस छनोट गरी बारामा उद्योगले, मोरङमा प्लटिङले र धादिङमा सहरीकरणले पारेको प्रभावलाई अध्ययनमा समेटिएको थियो ।

प्रायःजसो प्लटिङ गरिएका जग्गा बाँझै छन् । विभिन्न सरसामग्री उत्पादन गर्ने उद्योगले भू–उपयोग नीति अवलम्बन गरेका देखिन्न । ऊर्वर र खेती भइरहेको जमिन औद्योगिक क्षेत्रमा परिणत गर्नका लागि किसानलाई त्यसबाट बलजफ्ती हटाइएको छ । जसबाट प्रत्यक्षरूपमा आफ्नो र परिवारको जीविका नै कृषिमा निर्भर किसानहरू प्रभावित बन्न पुगेका छन् । अझ गम्भीर प्रभाव त वातावरणीय प्रदूषण र मानव स्वास्थ्यमा परेको छ ।

नेपालमा रोजगारीको अवसर नभएपछि पढेलेखेका युवा पनि गाउँघरमा कृषि पेशामा लाग्नुभन्दा विदेशतिरै जान रूचाए । यसले पनि किसानलाई जमिन बिक्री गर्न मनोबल बढायो । त्यस्तै कृषि पेशालाई सरकारले पनि त्यति महत्व दिएन । किसानलाई यो लाभदायिक पनि लागेन । किसानहरू पनि कृषि पेशाबाट राम्रो आम्दानी नहुने ठानी अन्य निर्माण तथा तत्कालीन नाफामूलक व्यवसायतिर लाग्न थाले । यस कारण कृषियोग्य जमिन प्लटिङमा रूपान्तरित गर्नेलाई मद्दत पुग्यो । कृषियोग्य भूमि गैरकृषि प्रयोजनमा परिणत हुन थालेपछि गरिब, महिला, दलित, ज्येष्ठ नागरिक र बालबालिकाको जीविकोपार्जनमा व्यापक असर पर्न सक्नेतर्फ कसैले ध्यान दिएको पाइँदैन ।

जसको कृषि क्षेत्रमा रूचि छ ऊसँग आफ्नो जमिन छैन वा भए पनि खेती गर्नका लागि पर्याप्त छैन र जोसँग खेती गर्नका लागि ठूलो परिमाणमा जग्गा छ, उसको जग्गा भने घर निर्माणका लागि प्लटिङ गर्ने, उद्योगधन्दाका नाममा ओगटिने तर उद्योगधन्दा भने सञ्चालनमा नआउने जस्ता काममा अर्थात् गैरकृषि प्रयोजनमा परिणत भइरहेको छ । यो कृषि क्षेत्रका लागि डरलाग्दो चुनौती हो ।

कृषियोग्य जमिनको ठूलो भाग विभिन्न समूहले किनेका छन् र वर्षौंदेखि बाँझै छाडेका छन्, जसको नकारात्मक प्रभाव खाद्यान्न उत्पादनमा परेको छ । यस्तो स्थिति सहरी र अर्धसहरी क्षेत्रमा विद्यमान छ । यस्तो प्रवृत्ति गाउँ र पहाडी क्षेत्रमा पनि क्रमिकरूपले फैलिरहेको छ, जहाँ सडक सञ्जाल छ । एउटा अध्ययनले उल्लेख गरेको छ कि जग्गाको स्वामित्वसम्बन्धी विवादका कारण नेपालको खेतीयोग्य जमिनमध्ये २० देखि २५ प्रतिशत बाँझै छ ।

गैरकृषि प्रयोजनका लागि काठमाडौंमा सन् १९९० को मध्यदेखि जग्गामा लगानी सुरू भएको हो । सुरूसुरूमा विभिन्न वाणिज्य ब्याङ्कले प्लटिङ व्यवसायका लागि ऋण उपलब्ध गराए । जुन तीव्ररूपमा फैलिएर ग्रामीण भेगसम्म पुग्यो ।

बाराको सिमरामा नेपालको २० ठूला (बहुराष्ट्रियसमेत)- सूर्य टोबाको, जगदम्बा स्टिल्स र हुलासजस्ता कारखाना छ । जगदम्बा स्टिल्स र हुलास जस्ता उद्योगले मात्र करिब ५० विघा जमिन ओगटेका छन्, जुन सन् २००८ अघिसम्म कृषि उत्पादनका लागि प्रयोग गरिन्थ्यो । यी दुई उद्योग त्यहाँ खेती गरिरहेका गरिबहरूलाई बलजफ्ती हटाएर स्थापना गरिएका थिए ।

*(स्रोत : गैरकृषि प्रयोजनतर्फ परिणत हुँदै कृषियोग्य जमिनको अध्ययन प्रतिवेदन, २०१३)*

हामी सहजै अनुमान गर्न सक्छौं कि सहरी क्षेत्र तथा अर्धसहरी क्षेत्रमा उद्योगहरूले ऊर्वर जमिन कब्जा गर्ने क्रम बढिरहेको छ । यसले गर्दा दुईखाले नकारात्मक प्रभाव देखिएको छ । खेती गर्ने परिवारले उद्योगका लागि सस्तोमा आफ्नो जमिन बिक्री गरेको छ र उद्योगले जग्गा लिइसकेपछि उक्त ठाउँमा जग्गाको मूल्य व्यापकरूपमा वृद्धि भएको छ । जसका कारण विस्थापित व्यक्तिले पुनः जग्गा किन्न सक्ने अवस्था छैन, त्यसैले ती किसान भूमिहीनमा परिणत भएका छन् । अर्को जथाभावी खुलेका उद्योगले मानव स्वास्थ्य र पर्यावरणीय स्वास्थ्यमा नकारात्मक असर पारिरहेका छन् । खासगरी बस्तीको बीचमा र ऊर्वर जमिनमा खुलेका नयाँ उद्योगले प्रदूषणमार्फत् यस्ता समस्या खडा गरेका छन् ।

**नकारात्मक प्रभाव**

कृषियोग्य जमिन गैरकृषि प्रयोजनतर्फ रूपान्तरण गर्दा यसका धेरै नकारात्मक प्रभाव पर्छन् । यसले त्यही जमिनमा पुर्खौंदेखि बसोबास गर्दै आएका सीमान्तकृत मानिसको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्छ । उनीहरूको बसोबास उठाउँछ भने जीविकोपार्जनको विकल्प नभएकालाई यसले भोकमरीतर्फ धकेलिदिन्छ । त्यस्तै ठूलाठूला उद्योगधन्दाको विकासले त्यस वरिपरिको वातावरण प्रदूषित पार्छ वा वातावरण बिगार्छ । जथाभावीरूपमा निस्कने धुलो र धुवाँको असरले वातावरण धमिलिने, जथाभावीरूपमा नासिने, वनजङ्गलका कारण पानीका मुहान सुक्ने र खडेरी पर्ने जस्ता समस्या उत्पन्न हुन्छन् ।

धादिङबेसीको साङ्कोस गाविसमा ८०-८५ घर कुमाल परिवार बस्थे । तीमध्ये ३४ परिवारले आफ्नो जग्गा र सम्पत्ति गुमाइसकेका छन् । तिनीहरूको सम्पूर्ण जमिन बिक्री भइसकेको छ । तीमध्ये एक कुमालले आफ्नो जग्गा एउटा बससँग साटे । केही वर्षपछि यसरी साटिएको बसको मूल्य घट्दै गएर खासै केही रहेन तर उनले साटेको जमिनको मूल्य भने निकै बढिसकेको थियो । जुन उनले पुनः खरिद गर्ने नसक्ने भयो ।

*(स्रोत : गैरकृषि प्रयोजनतर्फ परिणत हुँदै कृषियोग्य जमिनको अध्ययन प्रतिवेदन, २०१३)*

यस्ता समस्याले समुदायका कोही मानिस जग्गा बेचेर रातारात धनी बन्ने र कोही किसानी गरेर दुःखसुख गर्नेबीच देखासिखी ल्यायो र प्रतिस्पर्धामा जग्गा बेचविखन हुन थाल्यो । यसलाई सीमित धन आर्जनसँग तुलना गर्ने जग्गा ब्रोकरहरूले यसमा मुख्य भूमिका खेले ।

सरकारले भू–उपयोग नीति भने बनाएको छ । यसको अभ्यास देशको विभिन्न ठाउँहरूमा सुरू गरिएको छ । यो नीतिलाई राम्रोसँग कार्यान्वयमा ल्याउन सरकारी तथा गैरसरकारी नियकाहरूले भूमिका उत्तिकै खेल्नुपर्ने देखिन्छ ।

अध्ययनअनुसार गैरकृषितर्फ प्रयोग हुन खोजेको जमिनलाई कृषितर्फ फर्काउन र कृषियोग्य जमिन बचाउनका लागि निम्न कार्य अवलम्बन गर्नुपर्ने देखिन्छ :

१. कृषियोग्य जमिन ओगटेर बाँझै राख्ने कार्य निरूत्साहित गर्न राज्यले त्यस्तासँग थप कर लिने नीति लागु गर्नुपर्छ । कृषि पेशामा लाग्नेलाई भने अनुदान दिने व्यवस्था मिलाउनुपर्छ ।

२. कृषियोग्य जमिन बाँझो राख्ने कार्यलाई निरूत्साहित गर्नका लागि सरकारी नीति बनाइनुपर्छ र कडा अनुगमन गर्नुपर्छ । अनुगमनद्वारा कृषियोग्य जमिन अन्य कार्यमा प्रयोग गर्न रोक्नुपर्छ र यदि कृषियोग्य भूमिलाई गैरकृषि प्रयोजनमा लगाइसकिएको रहेछ भने त्यस्तालाई सजाय दिने व्यवस्था हुनैपर्छ । यो व्यवस्थाले खेती गर्न इच्छुकसँग जमिन रहन मद्दत पुर्‍याउँछ ।

३. अध्ययनका क्रममा यो पाइयो कि जब कृषियोग्य जमिनमा प्लटिङ गरियो, त्यसपछि त्यो जमिनमा खेती गरिरहेको मोहीलाई त्यहाँबाट बेदखली गरियो । यदि खेती गरिरहेको जमिनबाट बेदखली गराउने हो भने उक्त जग्गामा खेती गरिरहेको मोहीलाई पर्याप्त क्षतिपूर्ति दिनैपर्छ । क्षतिपूर्ति कानुनी संयन्त्रमार्फत् नियमन गरिनुपर्छ ।

४. यदि सरकारले जग्गाको वर्गीकरणअनुसार अधिकतम् र न्युनतम् मूल्य सीमा तोकिदियो भने यसले जग्गा कारोबार र अनियन्त्रित मूल्य वृद्धि नियमन गर्न सक्छ । यो प्रावधानले कृषियोग्य भूमि संरक्षणमा सघाउ पुग्नेछ ।

५. परिवार छुट्टिई अंशवण्डा गर्नुपर्ने अवस्थामा बाहेक कृषियोग्य भूमि टुक्र्याउन नपाउने व्यवस्था गरिनुपर्छ । ●

धादिङको नौबिसे गाविसमा २०४ उद्योगमात्र दर्ता भएका छन् । तीमध्ये २५ वटाभन्दा बढी उद्योग सञ्चालनमा छन् । उद्योग सञ्चालन भएका जग्गामा खेतीपाती गर्ने किसान त्यहाँबाट विस्थापित भएका छन् । ती उद्योग एकदमै ऊर्वर कृषियोग्य भूमिमा स्थापना गरिएका छन् । जसबाट स्पष्टरूपमै वातावरणीय असर देखिइसकेको छ । स्थानीयका अनुसार यहाँ उत्पादन हुने तरकारी दूषित भएको छ । जसले मानव स्वास्थ्यमै खतरा उत्पन्न गरेको छ ।

*(स्रोत : गैरकृषि प्रयोजनतर्फ परिणत हुँदै कृषियोग्य जमिनको अध्ययन प्रतिवेदन, २०१३)*

# जमिनको अतिक्रमण र असर

ठूलो परिमाणमा जमिन हडपेर (ओगटेर) स्थानीय बासिन्दालाई विस्थापित गरी उनीहरूको प्राकृतिक स्रोतमाथिको अधिकार हनन् गर्ने प्रक्रियालाई भूमि अतिक्रमण भनिन्छ । वर्तमान समयमा भूमि अतिक्रमण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा वृहत् बहस, छलफल र विवादको विषय बन्न पुगेको छ । भूमि अतिक्रमणले जनताको जीवन र जीविकोपार्जनमा गम्भीर असर पार्दछ । यसले प्रभावित जनताको खाद्य तथा परम्परागत अधिकार मात्र हैन, मानव अधिकारसमेत उल्लङ्घन गर्दछ ।

भू-स्वामित्व राजनीतिक शक्ति, सामाजिक तथा आर्थिक प्रतिष्ठा, सांस्कृतिक परिचय र आर्थिक समृद्धिको निर्धारण गर्ने स्रोतका रूपमा स्थापित छ । ऐतिहासिक र सांस्कृतिक सन्दर्भलाई मध्यनजर गर्दै यहाँको सांस्कृतिक, ऐतिहासिक र राजनीतिक आधारमा भूमि अतिक्रमणलाई पुनः परिभाषित गर्न आवश्यक छ ।

विश्वव्यापीरूपमा भूमि अतिक्रमण गरी यसअन्तर्गत जैविक इन्धन र खनिज आपूर्ति, औद्योगिक क्षेत्रको स्थापना र लगानी गर्ने मुलुकमा बढ्दो जनसङ्ख्याको खाद्य सुरक्षाका लागि ठूलो परिमाणमा जमिनको अधिनत्व लिने बहुराष्ट्रिय कम्पनीहरूमा केन्द्रित छन् ।

पछिल्लो समयमा बढ्दो औद्योगिक क्षेत्रको विकाससँगै स्थानीय समुदायसँग उचित परामर्श नगरी पुस्तौंदेखि जीविकोपार्जनका निम्ति निर्भर हुँदै आएको स्रोतहरूमा क्षतिपूर्तिबिना नै भूमि अतिक्रमण हुने प्रचलन बढ्दो छ । तसर्थ विकासका नाममा सामान्य लगानीकर्ताहरू भूमि अतिक्रमण जस्तो अन्यायी काममा संलग्न हुनका साथै विश्वव्यापी खाद्य, इन्धन असुरक्षा र मौसम परिवर्तनको कारकलाई अझ प्रोत्साहन गरिरहेका छन् ।

भूमिलगायत् अन्य स्रोत, जस्तै- पानी, खनिज, वन आदिको उपयोगबाट फाइदा लिनका लागि यी स्रोतमाथि नियन्त्रण गर्ने प्रक्रिया पनि बढ्दैछ । यी सम्पदा मानिसको जन्मसिद्ध अधिकारका क्षेत्र हुन् । जुन सजिलै कब्जा गर्न पाइँदैन ।

भूमि अतिक्रमणले राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रका विभिन्न पक्षमा विस्तारै नकारात्मक प्रभाव पारिरहेको छ । भूमि अतिक्रमणलाई यसले पार्ने प्रभावका आधारमा बुझ्न आवश्यक छ ।

जसले यसबाट प्रभावित हुने घरपरिवारको मोही हक, खाद्य सुरक्षा तथा ती समुदायको वातावरण र स्रोतमाथिको पहुँचमा धेरै असर पार्दछ ।

> केही उद्योग र रियल स्टेटहरूले गरेका भूमि अतिक्रमणले विस्थापित स्थानीयहरूको परम्परागत पेशालाई पनि खतरामा धकेलेको छ । विश्वविद्यालय, विद्यालय, क्याम्पस, पोली टेक्निक विद्यालयलगायतका शैक्षिक संस्थाले पनि सार्वजनिक जमिनलाई निजी स्वामित्वमा राखी जमिन हडपेका छन् ।

विश्वका समस्त ग्रामीण क्षेत्रका गरिब किसानहरू अझ पनि साना पारिवारिक कृषि उद्यमहरूमा निर्भर छन् । यिनीहरूलाई यी ठूला सामन्ती भूमि अधिनत्व, निकासी, कृषि र खाद्यको नभई व्यावसायिक क्षेत्रको बढ्दो उत्पादनले प्रभाव पारिरहेका छ । भौतिक र आर्थिक माध्यमबाट भूमि अतिक्रमणको शृंङ्खला बढ्दै जाँदा साना किसान र ग्रामीण किसानमाथि हिंसा नै भएको छ । आदिवासी समुदायमा भूमि अतिक्रमणको प्रभाव अझ बढी हुँदै गएको छ ।

भारतस्थित केरेलाको एक घटना अध्ययनअनुसार विभिन्न ठाउँबाट बसाइँ सराइ गरी आएका राजनीतिक र आर्थिक पक्षका शक्तिशालीहरूले केरेलाको आदिवासी क्षेत्रको जनसाङ्ख्यिक ढाँचा नै परिवर्तन गरिदिएका छन् । त्यहाँका आदिवासीहरू केरेलाकै सामाजिक संरचनाबाट नै बाहिरिएका छन् । उनीहरूले भारतीय नागरिकसरहको आफ्नो पहिचान गुमाइसकेका छन् । सन १९९० को एस.सी. र एस.टीअन्तर्गतको एक प्रतिवेदनमा उल्लेख गरिएअनुसार करिव ४० प्रतिशत आदिवासी आफ्नो स्थानबाट विस्थापित भइसकेका छन् ।

ज्यादा भूमि अतिक्रमणले महिला तथा पुरूषहरूको सामाजिक भूमिका, अधिकार र उनीहरूले पाउने अवसरमा पनि असर पार्दछ । भूमि अतिक्रमण वा अधिनत्वको प्रभावले लैङ्गिक क्षेत्रमा समेत असर पर्दछ । सन् २०१० को इकोनोमिक रिपोर्टका अनुसार भूमि अतिक्रमणसँग पानी, वन फँडानी, जैविक विविधता, र जैविक इन्धनले निम्त्याउने जोखिम, भ्रष्टाचार, सामाजिक अधिकारको सुरक्षा र राजनीतिक अस्थिरतालगायत् विभिन्न वातावरणीय, सामाजिक र सरकारी क्षेत्रमा जोखिम बढ्दै जान्छ । यस्ता जोखिमको प्रभाव पुरूषभन्दा महिलामा अधिक पर्न जाने देखाएको छ ।

यद्यपि सबै किसिमका भूमि अतिक्रमणलाई एउटै दृष्टिकोणबाट हेर्न भने मिल्दैन । भूमि अतिक्रमणलाई तिनले भूमिमाथिको पहुँच र स्वामित्व, कृषि उत्पादकत्व, लाभ बाँडफाँट, वितरणमुखी न्याय, खाद्य सुरक्षा, महिलाको कानुनी हक तथा मानव अधिकार उल्लङ्घनका सवालमा पार्ने प्रभावलाई उचित ध्यान दिनुपर्ने हुन्छ ।

भूमि अतिक्रमण कुनै एक पक्षबाट मात्र भएको छैन । यदि एकै पक्षबाट हुन्थ्यो त त्यसको असर त्यति गम्भीर पनि नहुने थियो होला । तर यहाँ सरकार पक्षलगायतको संलग्नतामा भूमि अतिक्रमणका शृङ्खला बढ्दै छन् ।

राज्यद्वारा हुने भूमि अतिक्रमणमा, जस्तै- राज्यद्वारा विगतमा दिइएका विर्ता तथा जागिर जस्ता भू-व्यवस्था, सुरक्षा बलहरूले कब्जा गरेको जमिन, गुठी, रेडियो नेपाल, कपास विकास संस्थानलगायतका सरकारी सङ्घ/संस्था, राष्ट्रिय निकुञ्ज तथा आरक्षण क्षेत्र पर्दछन् ।

केही उद्योग र रियल स्टेटहरूले गरेका भूमि अतिक्रमणले विस्थापित स्थानीयहरूको परम्परागत पेशालाई पनि खतरामा धकेलेको छ । विश्वविद्यालय, विद्यालय, क्याम्पस, पोली टेक्निक विद्यालयलगायतका शैक्षिक संस्थाले पनि सार्वजनिक जमिनलाई निजी स्वामित्वमा राखी जमिन हडपेका छन् ।

राजनीतिक दलहरू विशेषगरी तत्कालीन नेकपा माओवादी र केही जातीय सङ्गठनहरूले मुलुकको विभिन्न क्षेत्रमा भूमि अतिक्रमण गरेका छन् । नेकपा माओवादीले द्वन्द्वकालमा विभिन्न स्थानमा जमिन कब्जा गरेका थिए जुन केही जग्गाधनीलाई अझै फिर्ता गरीएको छैन । राजनीतिक सम्बन्ध तथा प्रभाव प्रयोग गरी विभिन्न ट्रष्ट तथा प्रतिष्ठानहरूले विभिन्न राजनीतिक दलका नेताहरूका नाममा आफ्नो राजनीतिक पहुँच बढाउनका लागि राज्यबाट जमिन लिएका छन् ।

बहुराष्ट्रिय कम्पनी र स्थानीय शक्तिहरूले समुदायको खाद्य सुरक्षामा नकारात्मक प्रभाव पार्नेगरी कृषि उत्पादनको बेवास्ता गर्दै विभिन्न भेषमा भूमि अतिक्रमण गरेका छन् । सबैभन्दा रोचक उदाहरण पतञ्जली योग पीठको छ । उनीहरूले स्थानीयहरूसँग तुलनात्मकरूपमा कम मूल्यमा जमिन खरिद गरेका थिए र सरकारले पनि यसमा साथ दिएको थियो । तर पछि त्यही जमिन उनीहरूले झुटो कारण देखाई अति उच्च मूल्यमा बिक्री गरेको अध्ययनमा देखियो ।

## राज्यले गरेको भूमि अतिक्रमण

राज्यले राष्ट्रिय नीति, जलविद्युत् परियोजना, विमानस्थल, राष्ट्रिय निकुञ्ज, सुरक्षा बल तथा अन्य आरक्षलगायत्का ठूला विकासमूलक कामहरूका रूपमा भूमि अतिक्रमण गरीरहेका छन् ।

> १९५९ मा विर्ता व्यवस्था अन्त्य हुनुअघि राज्यको जम्मा जमिनको एक-तिहाई, ७००,०८० हेक्टर वा ३६.३ प्रतिशत जमिन विर्ता थियो ।

१९५९ मा विर्ता व्यवस्था अन्त्य हुनुअघि राज्यको जम्मा जमिनको एक-तिहाई, ७००,०८० हेक्टर वा ३६.३ प्रतिशत जमिन विर्ता थियो ।

एक प्रतिवेदनका अनुसार सरकारले विगत १५ वर्षमा १४८ संस्था र सङ्गठनहरूलाई हजारौं हेक्टर सरकारी वा सार्वजनिक जमिन वितरण गरिसकेको छ ।

नेपालका १० राष्ट्रिय निकुञ्ज, ३ वन्यजन्तु संरक्षण, १ शिकार आरक्ष, ६ आरक्षण क्षेत्र र ११ मध्यवर्ती क्षेत्रलगायतका संरक्षित क्षेत्रहरूले देशको कुल क्षेत्रफलको २३.२३ प्रतिशत (३४,१८६.६२ वर्ग कि.मि) ओगटेका छन् ।

## विकासका नाममा हुने भूमि अतिक्रमण

वि.सं २०३४ को जग्गा प्राप्ति ऐनले सडक परियोजना, विमानस्थल वा जलविद्युत् परियोजना जस्ता मुलुकका विकासमुलक परियोजनाका लागि जग्गा प्राप्तिमा पथप्रदर्शकको काम गर्दछ ।

जस्तो- एउटा मात्र उदाहरण लिनुपर्दा कालीगण्डकी जलविद्युत् परियोजनाले सडक पहुँच, आवश्यक सुविधा, क्याम्प र ट्रान्समिसन लाइन टावर र सबस्टेसनसहितको परियोजना क्षेत्रका लागि ४१२ (२१७ घर र १९५ गोठ), एक नदी र करिव २०८.६८ हेक्टर जमिन अतिक्रमण गरेको छ । के.जि.ई.एम.यु को २००१ को प्रतिवेदनअनुसार यस परियोजनाका कारण १४६८ परिवार विस्थापित भएका छन् ।

## संस्थागत भूमि अतिक्रमण

सार्वजनिक, शैक्षिक तथा च्यारिटी कार्यको प्रवर्धनका संस्था, प्रतिष्ठानहरू, गुठी, विद्यालय, विश्वविद्यालय, सामुदायिक वन उपभोक्ता समिति, कबुलियति वन तथा विभिन्न ट्रष्ट र प्रतिष्ठानहरू यस क्षेत्रभित्र पर्दछन् । विर्ता पाएका धेरैले विगतमा आफ्नो विर्ता जमिन, गुठी (धार्मिक ट्रष्ट) लाई दान दिए । केहीले विर्ता जमिन मन्दिरको नाममा, केहीले शैक्षिक संस्थाका लागि दिए र केही विर्ता जमिन पारिवारिक गुठीका रूपमा स्थापित भए ।

उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदन, २०६७ का अनुसार अहिले यहाँ ७३५१२ हेक्टर उत्पादनशील जमिन हडपिइरहेका २३३५ राजगुठी छन् । यसका साथै व्यक्ति, परिवार, संस्थाहरूले व्यवस्थापन गरिरहेका थुप्रै निज गुठी वा ट्रष्ट पनि सञ्चालनमा छन् । यसले भूअतिक्रमण रोक्न रज्यले तुरुन्त ठोस नीति लिनु आवश्यक छ ।

*(स्रोत : आत्मनिर्भर केन्द्रर अक्सफाम नेपालले नेपालमा भूमि अतिक्रमण र यसका विभिन्न प्रकारबारे गरेको अध्ययन प्रतिवेदन, २०१३)*

# भूमि अभियानमा आन्दोलन कोष



■ रेमन्त चौधरी

आन्दोलन कोषका लागि सङ्गठनका सदस्यहरूले समय–समयमा श्रम शिविर गर्ने, चाडपर्वमा देउसी भैलो र मासिकरूपमा केही रकम जम्मा गर्ने गरेका छन् । आन्दोलन कोष गाउँमा हुने, जिल्ला तहमा हुने र कहिलेकाहीँ राष्ट्रिय तहमा हुने साना–ठूला आन्दोलनका लागिसमेत सहयोगी हुँदै आएको छ । यसरी हेर्दा आन्दोलनको बल नै आन्दोलन कोष हो । त्यसकारण सबै गाउँ भूमि र जिल्ला भूमि अधिकार मञ्चहरूले आन्दोलन कोष खडा गर्नु आवश्यक छ ।

दाङ जिल्लाका गरिब भूमिहीन सुकुम्बासी तथा साना किसान र मोहीहरू भूमि अधिकार प्राप्तिको आन्दोलनमा २०६१ सालदेखि सङ्गठितरूपमा लागिपरेका छन् । भूमि अधिकारको आन्दोलन सजिलो छैन । भूमिमा वर्चश्व जमाएका भूमिपतिहरू र भूमिहीनको श्रममाथि रजाइँ गर्नेहरू भूमि वितरण सजिलैसँग हुन दिँदैनन् । त्यसैले यसका लागि हाम्रो आन्दोलन पनि सशक्त हुन आवश्यक छ ।

दाङ जिल्लामा राष्ट्रिय भूमि अधिकार मञ्चको मातहतमा जिल्ला भूमि अधिकार मञ्च र यसअन्तर्गत गाउँ भूमि अधिकार मञ्चहरू गठन भई भूमि अभियानमा सङ्गठित भएका छन् । आन्दोलनलाई सशक्त बनाउन गाउँ भूमि अधिकार मञ्चमा नियमित बैठक, अगुवा प्रशिक्षण, शिविर, छलफल, समीक्षा, अन्तर्क्रिया लगायतका गतिविधि पनि नियमित हुन्छन् ।

सम्पूर्ण भूमि अधिकारबाट वञ्चितहरूले भूमि हक नपाएसम्म, नेपालमा किसानमुखी भूमि सुधार नभएसम्म यो आन्दोलन नरोक्ने अठोटका साथ भूमिहीन, सुकुम्बासी, मोही किसान, साना किसानलगायत्का समुदाय अभियानमा सङ्गठित छन् । यो आन्दोलनका लागि आवश्यक स्रोत जुटाउन भूमि अधिकारबाट वञ्चितहरू अरूको मात्र भर पर्दैनन् । त्यसैले समुदाय तहका र जिल्लाको सङ्गठनमा आफैं आन्दोलन कोष खडा गर्ने असल अभ्यास पनि सुरू भएको छ ।

भूमि अधिकार प्राप्ति नहुँदासम्म आन्दोलनलाई निरन्तरता दिने अठोट लिएका भूमिहीनहरू आफ्नो छाक काटेर भए पनि आन्दोलन कोष खडा गरिरहेका छन् । जसमा महिनावारी पैसा जम्मा गरिन्छ । मौसमी वाली सङ्कलन गरी जम्मा भएको पैसा भूमि आन्दोलनमा खर्च गर्दै आएका छन् । भूमि अधिकार आन्दोलन गर्न भूमिहीनहरू आफूलाई चाहिने दाल, चामल, गुन्द्रुक, तेल, मसला टपरी र दुना आफैँ उठाउँछन् तर पनि आन्दोलन सहज छैन ।

कहिले जिल्ला सदरमुकाम तथा कहिले काठमाडौंमा अधिकारका लागि धर्ना, ऱ्याली, मागपत्र बुझाउन जानुपर्छ । आन्दोलनकै लागि बस भाडा, पोस्टर, ब्यानर, खाजा खर्च र बसाईले आन्दोलनलाई महँगो बनाएको छ नै । यस्तो खर्च जुटाउन भूमिहीनलाई चुनौती नै आइपरेको छ तर यी समस्या टार्न भूमि अधिकारबाट वञ्चितहरूको सङ्गठनले आन्दोलन कोष नै खडा गर्नु बाहेकको विकल्प कम छ ।

आन्दोलन कोषका लागि सङ्गठनका सदस्यहरूले समय–समयमा श्रम शिविर गर्ने, चाडपर्वमा देउसी भैलो र मासिकरूपमा केही रकम जम्मा गर्ने गरेका छन् । आन्दोलन कोष गाउँमा हुने, जिल्ला तहमा हुने र कहिलेकाहीँ राष्ट्रिय तहमा हुने साना–ठूला आन्दोलनका लागिसमेत सहयोगी हुँदै आएको छ । यसरी हेर्दा आन्दोलनको बल नै आन्दोलन कोष हो । त्यसकारण सबै गाउँ भूमि र जिल्ला भूमि अधिकार मञ्चहरूले आन्दोलन कोष खडा गर्नु आवश्यक छ ।

प्रत्येक महिनाको निश्चित मितिमा नियमित बैठक बसी ५ देखि ५० रूपियाँसम्म आन्दोलन कोष सङ्कलन गरिन्छ । यीबाहेक बेलाबेलामा मौसमी बालीको सङ्कलन, सङ्गठनका सदस्यहरूबाट श्रम शिविर, सामूहिक खेती तथा चाडबाडको अवसरमा देउसीभैलो जस्ता कार्यक्रम गरी आन्दोलन कोष सङ्कलन गरिन्छ । दाङ जिल्लामा मात्र यस्तो आन्दोलन कोषमा ३ लाख ३५ हजार रूपियाँ जम्मा भएको छ ।

पारदर्शी पनि छ आन्दोलन कोष । यसको हिसावकिताव राख्नका लागि रजिष्ट्रर नै खडा गरिएको छ । रकम उठाउने, खर्च गर्ने तथा आवश्यकीय अन्य निर्णय गर्नका लागि आन्दोलन कोष समिति पनि गठन गरिएको छ । आन्दोलन कोष सङ्कलन गरेरमात्र हुँदैन । यसको खर्च प्रणाली र पारदर्शिताबारे पनि धेरै ध्यान दिनु आवश्यक हुन्छ । नत्र सङ्गठनमा फाटो आउने खतरा हुन्छ । यसैले प्रत्येक महिनामा उठेको र जम्मा भएको कोषबारे सबैलाई सुनाउने र अनुमोदन गराएर राख्ने गरिएको छ ।

दाङ जिल्लामा केही गाउँ मञ्चका सदस्यहरूले आन्दोलन कोष सङ्कलनका लागि श्रम शिविरको अभ्यास पनि गर्न थालेका छन् । घोराही नगरपालिका–४ स्थित घर्तीगाउँ भूमि अधिकार मञ्चका ३७ सदस्यले श्रम शिविरबाट तीन हजार रूपियाँ आन्दोलन कोष सङ्कलन गरे ।

त्यस्तै हेकुली ५ स्थित नन्द्रा गाउँ, सलौरा भूमि अधिकार मञ्च तथा ट्राफिक चोक भूमि अधिकारले मञ्चहरूले पनि आन्दोलन कोष जोहो गर्नका लागि श्रम शिविर गरेका छन् । त्यस्तै आन्दोलन कोषकै लागि सामूहिक खेती पनि सुरू गरिएको छ । यस्तै अभ्यासहरू सबै जिल्ला मञ्च र गाउँ मञ्चहरूले पनि सुरू गर्नु आवश्यक छ ।

**आन्दोलन कोष कसरी परिचालन हुन्छ ?**

- सङ्गठन सञ्चालनका लागि आवश्यक हुने रजिष्टर, कलम र अन्य स्टेसनरीका लागि खर्च गरिन्छ ।
- भूमि घर बनाउनका लागि, कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर खरिदमा लगाइन्छ ।
- मञ्चका सदस्यलाई जटिल समस्या परेमा सापटीका रूपमा, दैविक प्रकोपको समस्या परेमा तत्कालका समस्या टार्नका लागि उपलब्ध गराइन्छ ।
- सामूहिक खेती गर्ने र त्यसबाट थप आम्दानी बढाउनका लागि प्रयोग हुन्छ ।
- अगुवा प्रशिक्षण, अगुवा भेला, गाउँ मञ्च तथा जिल्ला मञ्चको वार्षिक भेला, सम्मेलन गर्न खर्च गरिन्छ ।
- मञ्चका सदस्यहरूको क्षमता विकासमा लगाइन्छ ।

# खेती गरिरहेको जग्गाबाट बेदखल



■ शिवकुमार पासवान

सप्तरीको पूर्वी र पश्चिमी क्षेत्रमा स्थानीय प्रशासन र केही जमिनदारले गरिब दलित परिवारलाई बसोबास गर्न तथा खेतीयोग्य जमिन उपभोगमा ल्याउन दिइराखेका छैनन् । जिल्लाको बदगामास्थित कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रभित्रको सिमानामा पर्ने जग्गा हो भन्दै आरक्षण प्रशासनले बदगामाका मुसहर बस्तीमा आगलागी गरी पटकपटक उठिबास गर्ने गरेका छन् ।

बदगामा गाविस-९ मा १२ घरपरिवार भूमिहीन बस्छन् । त्यहाँका बासिन्दा धेरै पहिलेदेखि बस्दै आएका र १० बिघा खेतीयोग्य जग्गामा ५० वर्ष पहिलेदेखि खेती गरी जीविका चलाउँदै आएका छन् तर अहिले त्यहाँबाट उनीहरूलाई बेदखल गरी खेती गर्न दिइएको छैन ।

कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रभित्र हजारौं विघा जमिन पर्तीमा छ । केही वर्षपहिलेदेखि सुनसरी कुसाहा आरक्षण क्षेत्रका प्रहरीले जबर्जस्ती खेती गरिरहेका जग्गामा खनजोत गर्न नदिने, बाली लगाए नोक्सानी गरिदिने भन्दै बस्ती उठाउन धम्क्याइरहेका छन् । खेती गर्नेहरूलाई त्यहाँबाट वञ्चित गरेपछि खेतीयोग्य जमिन बाँझो हुँदैछ । जग्गा कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रभित्रको हो भनिएको छ ।

यसै जग्गामा उब्जनी गरी धेरै मानिसले भोको पेट भर्ने गरेका थिए । उनीहरूको जीविका नै यसैबाट चलेको थियो । गरिब दलित किसानले त्यस जग्गालाई उपयोग गरिरहेका थिए तर अहिले उक्त जग्गामा कोशी टप्पु वन्यजन्तु आरक्षणले तारजाली लगाई घेराबार गरिदिएको छ ।

उक्त ठाउँमा बसोबास गर्नेहरूले सो क्षेत्रको जमिनमा खेती गर्न पाउनुपर्ने माग राख्दै आन्दोलन गरिरहेका छन् । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित उनीहरूलाई जिल्ला भूमि अधिकार मञ्चले पनि सहयोग गर्दै आइरहेको छ ।

पटक–पटक प्रशासन र आरक्षण कार्यालयमा डेलिकेसन जाँदा पनि केही सुनवाई भएको छैन । यसका लागि ठूलै आन्दोलन चर्काउनुपर्ने आवश्यकता यही कारण स्थानीय पीडितले महसुस गरेका छन् । ●

# खोसिएको २९ वर्षपछि किसानले पाए हक



■ सुष्मा न्यौपाने

जिल्ला भूमि अधिकार मञ्च, रसुवाको पहलमा चनभूमे गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भोर्ले गाविस–५ का १८ परिवार किसानले गुमेको भूमि हक २९ वर्षपछि पाएका छन् । वि.सं. २०३४/३५ सालमा जग्गा नापी भयो । अरूसँगै ती १८ परिवार किसानले पनि आफ्नो जग्गाको नापनक्सापछि जग्गाधनी पुर्जा पाएका थिए । जग्गा नापीपछि किसानले २०४१ सालसम्म मालपोत तिरिरहेका थिए ।

तीमध्येका एक किसान पूर्णबहादुर मोक्तान त्यतिबेला जग्गा बेचेर घर, व्यवहार चलाउनका लागि जिल्ला मालपोत कार्यालय गएका थिए । त्यतिबेला पो उनले थाहा पाए कि आफ्नो नाममा रहेको जग्गा काठमाडौँमा बस्ने खेमराज शमशेरको नाममा पो गराइसकेछ । आफूसँग भएको पुर्जामा मालपोतले त्यतिबेला रातो लगाइदिएपछि मोक्तान भसङ्ग भएर फर्केका थिए । त्यसपछि उनले त्यो कुरा अरूलाई पनि भनेका थिए ।

त्यसपछि किसानहरूले आफूसँग पुर्जा हुँदाहुँदै अरूको नाममा कसरी पुर्जा बन्यो भनी मालपोत कार्यालयमा सोधीखोजी गरे । अदालत पनि गए । सबैतिर खोजी गरे । पछि थाहा भयो कि उनीहरूको जग्गाको सिमानामा रहेको जङ्गलमा तिनै खेमराजको जग्गा रहेछ । अनि खेमराजले जालसाँजी गरी किसानहरूको जग्गासमेत आफ्नो नाममा बनाएछन् । यसरी अरूको जग्गा आफ्नो नाममा गराएकामात्र हैन, उक्त जग्गा कृषि विकास बैंकमा धरौटी राखी ऋणसमेत लिन भ्याएछन् ।

यसरी १८ परिवार किसानको नाममा रहेको १ सय ३१ रोपनी जग्गा किर्ते गरी बैङ्कमा राखेपछि उनीहरूको विचल्ली भयो । काठमाडौं महानगरपालिका वडा नं. ११ बस्ने खेमराज शमशेर जबराले उक्त जग्गा राखेर बाखा पाल्ने भन्दै २०४१ वैशाख २८ गते ९१,७०७ रूपियाँ

जब भोर्ले गाविसमा २०६६ सालमा भूमि अधिकार मञ्च गठन भई अभियान सुरु भयो त्यसपछि बल्ल यो सवाल बाहिर आएको हो । किसानहरुले भूमि अधिकार मञ्चमा लागेर सङ्गठितरुपमा आन्दोलन गर्न थालेपछि भने २०७० सालमा आएर किसानले आफ्नो २९ वर्ष पहिले गुमेको अधिकार फिर्ता लिन सफल भएका छन् ।

ऋण स्वीकृत गराएछन् । जबकि पैसाचाहिँ ३५८१३ रूपियाँमात्र लगेछन् । खेमराजले २४ कित्ता जग्गा धितो बन्धकी राखेका थिए ।

ऋण लगेपछि कहिल्यै रसुवा नफर्केका राणाले कुनै पनि ब्याज तथा ऋणको किस्ता तिर्ने कुरै भएन । त्यसपछि बैंकले २०४९ माघ २५ गते ३५ दिने लिलामी बिक्रीको सूचना जारी गरेको थियो । दाबी गर्न कोही नआएपछि २०४९ चैत १ गते उक्त जग्गा बैंक आफैंले सकाऱ्यो । बैंकले लिलाम गर्न लागेको जानकारी समेत किसानलाई दिइएन् । लगत्तै २०४१ सालदेखि किसानले उक्त जग्गा पाउनका लागि सरकारी कार्यालय, राजनीतिक दल, नेता, सबैसँग सहयोगको आग्रह गरे । तर कामचाहिँ भएन ।

जब भोर्ले गाविसमा २०६६ सालमा भूमि अधिकार मञ्च गठन भई अभियान सुरू भयो त्यसपछि बल्ल यो सवाल बाहिर आएको हो । किसानहरूले भूमि अधिकार मञ्चमा लागेर सङ्गठितरूपमा आन्दोलन गर्न थालेपछि भने २०७० सालमा आएर किसानले आफ्नो २९ वर्ष पहिले गुमेको अधिकार फिर्ता लिन सफल भएका छन् ।

यसका लागि जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, कृषि विकास बैंक, मालपोत कार्यालय र भूमि सुधार मन्त्रालयमा पटक–पटक मागपत्र बुझाउने, राजनीतिक दल तथा सरोकारवाला निकायसँग छलफल गर्ने र किसानको जग्गा किसानलाई फिर्ता गर्न दबाब दिने काम निरन्तर भए । जिल्ला भूमि अधिकार मञ्च र कृषि विकास बैंकबीच किसानलाई जग्गा फिर्ता गर्नका लागि सहमति भएपछि राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरी टेन्डरमार्फत् किसानको जग्गा किसानलाई नै फर्काइएको छ । १५ परिवारको नाममा जग्गाको पुर्जा बने पनि त्यसबाट ३५ भन्दा बढी किसान परिवारलाई फाइदा पुगेको छ ।

किसानहरूको लालपूर्जा प्राप्तिका लागि अर्थात् बैंकको ऋण चुक्ता गर्नको लागि ४ लाख ५५ हजार ६ सय रूपियाँ कृषि विकास बैंकलाई बुझाउनुपर्ने भयो । उक्त रकममध्ये मञ्चमार्फत रसुवाका सभासद् जनार्दन ढकालले १ लाख, सामुदायिक आत्मनिर्भर केन्द्रले १ लाख, नेपाल कृषि वन प्रतिष्ठानले ३३ हजार रूपियाँ सहयोग उपलब्ध गराएका थिए । नपुग २ लाख २२ हजार ६ सय रूपियाँ भने किसान आफैंले जुटाएका थिए । समस्या अझै सकिएको छैन । यहाँका अझै ७ परिवार किसानको ६२ रोपनी जमिन भने खेमराज शमशेरकै नाममा छ । उक्त जमिनको लालपूर्जा प्राप्तिका लागि पनि किसानले निरन्तर सङ्घर्ष गरिरहेका छन् ।

अन्ततः लामो समयको सङ्घर्षपछि किसानले आफ्नो जग्गा पुनः आफैंले पाएका छन् । जसले गर्दा भूमि अधिकारबाट वञ्चित अन्यमा समेत आन्दोलनप्रति विश्वास बढेको छ । ●

# अनुभूति : कम्बोडिया भ्रमणको



■ सोमप्रसाद भण्डारी

एसियाली किसान सङ्गठनको २९ औं बैठक अक्टोबर २६ देखि नोभेम्बर १ सम्म कम्बोडियाको न्होमपेन्हमा भयो। नेपालबाट गएका हामी (ज्योती वैद्य र म) ले बैठकमा सहभागी हुने र त्यसै सिलसिलामा त्यहाँको गाउँ/बस्तीको भ्रमण गरेका थियौं। .बैठकमा नेपाललगायत् कम्बोडिया, फिलिपिन्स, ताइवान, इन्डोनेसिया, मलेसिया, जापान, थाइल्याण्ड, भियतनाम र बङ्गलादेशका सहभागी थिए।

आयोजक संस्थाले कम्बोडियाको पञ्चामङ जिल्लाको एक क्षेत्रको होप एसोसिएसन नामक सहकारी संस्थाहरूको भ्रमण गराएको थियो त्यहाँका किसानको वास्तविक अवस्था र उनीहरूको जीविका कृषिबाट निर्भर भएको रहेछ त्यसबाट वर्ष दिनसम्म जीविका धान्न कठिन भइरहेको कुरा एक किसान संस्थाका अध्यक्ष समोइनले बताए। सन् २००८ मा स्थापना भएको सहकारी सुरूवातमा थोरै सदस्यबाट सुरू गरिएकोमा हाल ४ सय ३० पुगेका छन्। सो क्षेत्रमा अति विपन्न किसानको बसोबास रहेछ।

सहकारीमा प्राकृतिक स्रोत साधन र राज्यको सेवा सुविधामा कुनै पहुँच नभएका किसानको सहभागिता थियो। विगतको तुलनमा अहिले उनीहरूको जीवनमा परिवर्तन आएको पाइयो। जस्तै- खेतीपाती, पशुपालन, आफ्नै साना घरेलु उद्योग स्थापना गरी कृषिजन्य उत्पादनबाट हरेक प्रकारका मिठाई बनाएर सहकारीमार्फत् बजारमा बिक्री वितरण गर्ने गरेको पाइयो। बाँझो जमिनमा सहकारीले सामूहिक प्राङ्गारिक धान खेती, तरकारी खेती र फलफूल खेती गरी धेरै उत्पादनसमेत लिई सहकारीका अंशियारलाई मुनाफासमेत वितरण गर्ने गरेको र यसले उनीहरूको जीविकामा ठूलो फाइदा पुगको रहेछ।

सहकारी हाम्रो जीवन हो, सहकारीलाई जीवनगङ्गाका रूपमा लिएका छौं भन्ने कुरा ज्यादै घतलाग्दो छ। सहकारीमार्फत् उनीहरूको जीवनमा भएको परिवर्तन एकदमै सिकाइयोग्य छ। उनीहरूले गरेको अभ्यासलाई हामीले हाम्रा सहकारीमा अपनाउने हो भने हाम्रो जीवनमा निश्चय पनि परिवर्तन हुन्छ।

### सिक्नलायक असल अभ्यास

- चुनावी प्रक्रियाबाट सहकारीको कार्यसमिति चयन हुन्छ। सहकारीका सदस्यबीच नेतृत्वका लागि स्वस्थ प्रतिस्पर्धा भई निर्वाचित हुन्छन्। निर्वाचनपश्चात् सहकारीको विधानको दायरामा बस्ने गर्दा कसैको पनि त्यसप्रति मनमुटाव नहुने रहेछ।

- बैंकमा रकम बचत गर्दा ५.७ प्रतिशत ब्याज दिने तर बचत समूहले वार्षिक २४ प्रतिशत ब्याज दिने भएकाले सहकारीका सदस्यहरूले बैंकभन्दा बचत समूहमा नै रकम बचत गर्न ज्यादा रूचाउने रहेछन्। बैंकमा बचत गर्नुभन्दा यदि बचत समूहमा सहकारीको रकम लगानी गर्दा धेरै मुनाफा लिन सकिने र उत्पादनमा वृद्धि हुने रहेछ।

- प्राङ्गारिक खेतीको काम गर्दा ४ वटा सूत्र प्रयोग गरिएको रहेछ- १. जमिनको स्वामित्व, २. कृषि प्रविधिको प्रयोग र उत्पादन, ३. कृषिजन्य उत्पादन बिक्री गर्ने बजार र ४. सक्षम र विश्वासिलो अत्यावश्यक सहकारीको नेतृत्व र व्यवस्थापन जस्ता महत्वपूर्ण कुरालाई अपनाइएको छ। यो महत्वपूर्ण सूत्रलाई हाम्रो सहकारीमा पनि लागु गर्न उपयुक्त देखिन्छ। यसरी सहकारीमार्फत् काम गर्न सक्यौं भने हाम्रा गाउँ र जिल्ला मञ्चहरूको आर्थिक अवस्था रामो बनाउन सक्छौं।

- कृषिजन्य उत्पादन प्रक्रियामा प्राङ्गारिक खेती, बजार व्यवस्थापन समिति र व्यापार समिति जस्ता रचनात्मक कामहरूबाट सहकारीको व्यवस्थापन गर्न सकिने रहेछ। यी अभ्यासबाट किसानले आफूद्वारा उत्पादित वस्तुको सही मूल्य अर्थात् किसानले प्रत्यक्ष पैसा पाएका छन् र विचौलिया ठगहरूबाट उपभोक्ता बच्न सफल छन्।

- ६० जिल्लामा प्राङ्गारिक धान खेतीका माध्यमबाट धान सहकारी निर्माण गरी धान मिल स्थापना गरेका छन्। जसमा प्राङ्गारिक खेतीबाट उत्पादनमा वृद्धि भएको छ।

यसरी उनीहरूले प्राङ्गारिक खेती र त्यसमा पनि सामूहिक खेतीमा बढी जोड दिएका छन्। त्यसमा मुख्य गरी प्राङ्गारिक खेतीमा अपनाउनुपर्ने विधि प्रयोग भएको छ, जस्तै- बाख्रा तथा कुखुरा पालनबाट मल र मासुबाट बरोबर आम्दानी लिन सकिन्छ। रासायनिक मलको आवश्यकता नरहेको प्राङ्गारिक खेतीबाट उत्पादन गरेका वस्तुको मूल्य बढी भएकाले यसको बजार राम्रो पाउन सकिन्छ। सहकारी निर्माण भएको ५ वर्ष अवधिभित्र त्यहाँका किसानले आफ्ना उत्पादनले बजार कब्जा गरेका रहेछन्।

यसरी हाल सबै सदस्यको जीविकामा राम्रो सुधार आएको छ। यो असल अभ्यास हामी र हाम्रा सङ्गठनहरूमा लागु गर्नु राम्रो हुने देखिन्छ। भूमि अधिकार अभियानअन्तर्गत स्थापना भएका सहकारी र हाम्रा गाउँ भूमि अधिकार मञ्चहरूलाई पनि यस्तै अभ्यासमा सामेल गराउन आवश्यक छ भन्ने अनुभूत पनि भएको छ। ●

# कार्यमुखी बैठक र सिकाइहरू



■ ल्यामबहादुर दर्जी

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले सङ्गठन सवलीकरण अभियान अन्तर्गत विभिन्न जिल्लामा कार्यमुखी बैठक गरेको छ । राष्ट्रिय मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारी, सचिव सरस्वती सुब्बा र म लगायतको टोलीले दुई चरणमा मञ्चको सङ्गठन सवलीकरणको अभियानअर्न्तगत कार्यमुखी बैठक अभियानमा सहभागी भयौँ । पहिलो चरणमा भदौ १ देखि २० सम्म पूर्वी क्षेत्रको विभिन्न जिल्ला भूमि अधिकार मञ्चमा गई कार्यमुखी अभियान सञ्चालन गरियो भने दोस्रो चरणमा मंसिर १८ देखि २८ सम्म पश्चिम क्षेत्रको विभिन्न जिल्ला भूमि अधिकार मञ्चहरूको सङ्गठनमा गई कार्यमुखी अभियान सञ्चालन गरियो ।

यस अभियानका क्रममा मुख्यतः पूर्वको झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा र उदयपुर जिल्लामा कार्यमुखी बैठक भयो भने पश्चिम क्षेत्रको बैतडी, डडेलधुरा, कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत, दाङ, कपिलवस्तु, पाल्पा र रूपन्देही जिल्लाहरूमा कार्यमुखी बैठक भयो । कार्यमुखी बैठकको लागि केन्द्रीय समितिको बैठकले गरेको निर्णयअनुसार पहिलो चरणमा भएका अभियानमा एक टोलीले अभियान सञ्चालन गरेका थियौँ भने दोस्रो चरणमा चार टीममा जिम्मेवारी बाँडफाँट गरी विभिन्न जिल्ला भूमि अधिकार मञ्च र यस अर्न्तगतका गाउँ मञ्चहरूमा पुगी कार्यमुखी बैठक गरी सङ्गठन सवलीकरण गरिएको छ ।

केन्द्रबाट तीन जनाको टिम पूर्वतर्फ गए पनि फिल्डमा रहेका केन्द्रीय सदस्यहरू गुलावदेवी राम, बलदेव राम, अरुण सदा र बलबहादुर तामाङले पनि अभियानमा उत्तिकै साथ दिएका थिए । विशेषतः उनीहरूले जिल्लागत भेटघाट, बैठकको चाँजोपाँजो र अन्य कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याए । त्यस्तै पश्चिम क्षेत्रमा केन्द्रीय समितिका सदस्य विनबहादुर परियारलगायतका साथीहरूले महत्वपूर्ण सहयोग पुऱ्याए । जसले गर्दा कार्यमुखी बैठक अभियान सबै जिल्लाहरूमा प्रभावकारी रुपमा सम्पन्न भयो ।

> सबैका सुखदुःख आ-आफ्नै रहे तापनि अधिकारका लागि प्रतिबद्धताको खाँचो छ । आन्दोलनको सपनामा टेकेर अगाडि बढियो भने लक्ष्यमा पुगिन्छ । भूमि अधिकार मञ्चलाई सबैको साथ सहयोग चाहिन्छ । तर नेतृत्व मञ्चकै हुनुपर्छ । हामी अधिकारबाट वञ्चितहरूको एकताबाट नै यो सम्भव छ ।

यसअघि पनि यस्ता अभियान, आन्दोलनका कार्यक्रमहरूका साथै समुदायसँग भेटघाट र छलफल नभएका हैनन् तर योजनागत बैठकहरू भने भएका थिएनन् । अभियानलाई समुदायदेखि नै अझ चुस्त बनाउनका लागि केन्द्रीय कमिटीका साथीहरू नै समुदायसम्म पुगी भूमि अधिकारबाट वञ्चितहरूसँग भेटघाट गर्ने उद्देश्यअनुसार यो कार्यक्रम आयोजना भएको थियो । अभियानलाई अझ बलियोसँग लैजान के गर्नुपर्छ भन्ने विषयमा छलफल गर्न यो अभियान आवश्यक ठानिएको हो । यसका लागि केन्द्रीय कमिटीको कार्यमुखी बैठकमा पाँचवटा विषयवस्तुमाथि छलफल भई निर्णय नै गरिएको थियो ।

कार्यमुखी बैठक अभियानका क्रममा जुनजुन गाउँ मञ्च/समुदायमा पुगियो त्यहाँका सबैसँग पारिवारिक चिनजान भयो । उनीरूको भूमि समस्याका सवालसँगै अन्य समस्या र पारिवारीक जीविका कसरी चलिरहेको छ जस्ता विषयमा पनि सुखदुःख साटासाट गरियो । त्यस क्रममा समुदायमा कार्यमुखी बैठकको उद्देश्यबारे प्रष्ट पारिएको थियो । साथै राष्ट्रिय मञ्च र जिल्ला मञ्चका उपलब्धि अनि सिकाई पनि आदान-प्रदान भयो ।

बैठककै अवसरमा जिल्ला मञ्चका सदस्य र राष्ट्रिय मञ्चका सदस्यहरूको भूमि अधिकार आन्दोलनप्रतिको बुझाई र यसले ल्याउने सफलता अनि आन्दोलनप्रति प्रतिबद्धता पालैपालो राखिएको थियो । भूमि अधिकार मञ्च पीडितहरूको आफ्नै सङ्गठन भएको र यसले उठान गर्ने सवाल पनि आफ्नै भएकाले भूमि अधिकारबाट वञ्चितहरूकै साझा जनसङ्गठन भएको र आन्दोलनबाट नै अधिकार प्राप्त हुने धारणा प्रष्ट राखियो ।

राष्ट्रिय मञ्च र जिल्ला मञ्चका सवल पक्षहरू र सुधार गर्नुपर्ने पक्ष औल्यायौँ । सवल पक्षमा स्थानीय तहदेखि राष्ट्रिय तहको जनसङ्गठन निर्माण/नीतिगत तहमा दबाब दिने आदि रहे । राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचान बनेको, वार्षिकरूपमा आफ्नै मौलिकताको आन्दोलन

गर्न सक्ने, पीडितहरूकै नेतृत्व निर्माण भएको राष्ट्रिय तहको मञ्च बन्ने सकेको जस्ता विशेषता पनि पहिल्यायौँ ।

यसैगरी नियमित बैठक, योजना निर्माण, स्थानीय तहमा आन्दोलन कोष भएको, आन्दोलन कोषका लागि मानोमुठी सङ्कलन गर्ने, राजनीतिक दलसँग अन्तरसम्वाद गर्न सक्ने, सवालगत आन्दोलनको नेतृत्व गर्न सक्ने, सङ्गठनको परिवेश तयार गर्न सक्ने जस्ता जिल्ला मञ्चका सवल पक्षबारे पनि छलफल भयो । र जिल्ला मञ्चले आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूबारे पनि कमीकमजोरी औंल्याई त्यसलाई आगामी दिनमा सुधार गर्नको लागि कार्ययोजनासमेत निर्माण गरिएको छ । सँगै जिम्मेवारी पनि तोकिएको छ । यसले पक्कै पनि जिल्ला मञ्चलाई अझ बलियो, सशक्त र जुझारू सङ्गठन बनाउने विश्वास छ ।

जिल्ला मञ्चले विशेषतः सूचना आदान-प्रदान बढाउनुपर्ने, गाउँ मञ्चका अगुवालाई भूमि अधिकारका साङ्गठानिक अवस्थालगायत् कानुनी ज्ञान, प्रशिक्षण चलाउनुपर्ने, सदस्यता वितरण/नवीकरणलाई बढावा दिनुपर्ने, विधान, आचारसंहिताबारे सङ्गठनहरूमा अभिमुखीकरण गरिनुपर्ने, ६/६ महिनामा कार्यमुखी बैठक बस्नुपर्ने, भूमि अधिकार हनन्का घटनाहरूबारे तत्काल छलफल गरी टुङ्गो लगाउनुपर्नेलगायत्का साझा योजना पनि निर्माण भएका छन् ।

यही अवसरमा गाउँ मञ्चको बैठकहरूमा सहजीकरण गर्‍यौँ । सदस्यताको महत्व, औचित्यबारे पनि स्पष्ट पार्‍यौँ । सङ्गठनको सदस्य हुनु आन्दोलनप्रति प्रतिबद्ध हुनु हो, यसले आफ्नो पहिचान कायम गराउँछ साथै सदस्यता आफ्नो चिनारी पनि हो भन्ने विषयमा गाउँ सङ्गठनहरूमा प्रष्ट्यायौँ ।

मुख्यतः यस अभियानपछि स्थानीय सङ्घ/संस्था, सरोकारवाला निकायहरूसँग समुदायका सङ्गठनको सहकार्यबाट नै आन्दोलन फराकिलो बनाउन सकिनेबारे जिल्ला मञ्चका साथीहरूले सकारात्मक धारणा व्यक्त गरे । उनीहरूले आन्दोलन कोषको लागि स्थानीय स्रोतको अधिकतम उपयोग गरेको, स्थानीय निकायको स्रोतहरूमा दावी गरी मञ्चका सदस्यहरूको लागि र सामूहिक कार्यक्रम समेत गर्न थालेको असल अभ्यास पनि सुनाए ।

यसक्रममा कार्यमुखी भएको जिल्लाहरूबाट राष्ट्रिय मञ्चको ठिमुरामा निर्माण भइरहेको भूमि अध्ययनघरको लागि ४४ हजार २ सय ९५ रूपियाँ सङ्कलन गरि पठाएका छन् । आर्थिक सहयोग गर्ने जिल्लाहरूमा पाल्पा, रूपन्देही, कैलाली, बर्दिया, बाँके, उदयपुर, सप्तरी, सुनसरी, मोरङ, झापा र सिरहा रहेका छन् ।

## सिकाइ

- राष्ट्रिय मञ्चले वर्षको एकपटक जिल्ला मञ्च र गाउँ मञ्चले गरेका भूमि अधिकार आन्दोलनहरूको अनुगमन एवंम् मूल्याङ्कन उनीहरूकै सहभागितामा गर्दा सङ्गठनको प्रभावकारीता हुने रहेछ । यसबाट राष्ट्रिय, जिल्ला र गाउँ मञ्चको सम्बन्ध गाढा बन्ने रहेछ । यसले दुवैतर्फका समस्या समयमै निराकरण गर्न सहयोग पुर्‍याउँछ ।
- राष्ट्रिय मञ्च र जिल्ला मञ्चका भूमि अधिकार आन्दोलन अभियानका सूचना, नयाँ गतिविधि आदान-प्रदान निरन्तर ( मासिक, त्रैमासिक) रूपमा गर्न सकियो भने जिल्लागत सवालमा सहयोग पुग्दो रहेछ ।
- जिल्ला मञ्च, राष्ट्रिय मञ्च र जिल्लामा सङ्घ/संस्थाहरूसँग संयुक्त बैठकलाई निरन्तरता दिँदा सहयोगी हातहरू बढ्ने र साझा अभियान बनाउन सकिँदो रहेछ ।
- सबैका सुखदुःख आ-आफ्नै रहे तापनि अधिकारका लागि प्रतिबद्धताको खाँचो छ । आन्दोलनको सपनामा टेकेर अगाडि बढियो भने लक्ष्यमा पुगिन्छ । भूमि अधिकार मञ्चलाई सबैको साथ सहयोग चाहिन्छ । तर नेतृत्व मञ्चकै हुनुपर्छ । हामी अधिकारबाट वञ्चितहरूको एकताबाट नै यो सम्भव छ ।

## देखिएका केही समस्या

- आर्थिक व्यवस्थापनमा जिल्ला मञ्च कमजोर छन् । आर्थिक व्यवस्थापनको ज्ञान कार्यालय सचिव तथा कोषाध्यक्षहरूमा कमी छ । अध्यक्ष र कार्यालय सचिवबाहेक आर्थिक कारोबार अरु सदस्यलाई थाहा छैन ।
- जिल्ला मञ्चका पदाधिकारीहरूको आन्दोलनप्रति जिम्मेवारी बोधमा कमी महसुस हुनु ।
- गाउँ मञ्चहरूमा सदस्यताबारे अलमल छ । कार्यालय सचिवहरूले त्यसको रेकर्ड गाउँ मञ्चमा अभिलेख गरिदिनुपर्नेमा त्यो भएको छैन । नवीकरण सङ्ख्या घट्दै गएको छ ।
- योजना गरेअनुसारको बैठक नबस्ने समस्या धेरै ठाउँमा छ, यसमा जिल्ला मञ्चको भूमिका कम देखिन्छ ।
- जिल्ला मञ्चहरू संस्था एवम् स्रोत केन्द्रप्रति उन्मुख छन् ।

## आगामी कार्यादेश

- सबै जिल्ला मञ्चले आर्थिक तथा प्रशासनिक नियमवाली पूर्णरूपमा पालन गर्ने साथै योजनाअनुसारको बजेट खर्च सम्बन्धमा मञ्चको पूर्ण बैठकमा जानकारी गरी अनुमोदन गरिनुपर्ने ।
- मञ्चको विधान, आचारसंहिता, साङ्गठानिक सदस्यता वितरण/नवीकरण र भूमि अधिकार आन्दोलन यसका उपलब्धि, सिकाईबारे बेलाबेलामा सङ्गठनहरूमा प्रशिक्षण कार्यक्रम गरिनुपर्छ ।
- जिल्ला मञ्चका पदाधिकारी तथा अगुवाहरूलाई सवालगत कानुनी प्रशिक्षण दिई उनीहरूको क्षमता थप विकास गर्नु आवश्यक छ ।
- सरोकारवालाहरूसँग हाम्रो सवालमा आर्थिक, भौतिक, नैतिक सहयोग लिन र मुद्दालाई साझा बनाउन ३/३ महिनामा मञ्चले बैठक, अर्न्तक्रिया कार्यक्रम निरन्तर गरिनुपर्छ ।
- अभियानमा सरोकारवाला, सहयोगी निकायको सहयोग महत्वपूर्ण हुने हुँदा जिल्ला तहका सहयोगी निकाय, सरोकारवालाहरूसँगको सम्बन्ध बढाउनका लागि बेलाबेलामा भेटघाट गर्ने कार्य बढाउनुपर्छ । ●

# सामुदायिक भूमि सुधार र खेतीपाती



■ भोला बस्नेत

प्रायःजसो बारीका कान्लामा खेती गर्ने चलन छैन तर जान्यो भने खेती गर्न नमिल्ने खेतबारीका कान्लाहरूबाट पनि आम्दानी लिन सकिन्छ । आफूलाई चाहिने भुइँ घाँस तथा डाले घाँस लगाएर पशुपालन व्यवसायलाई खेतबारीबाटै फष्टाउन सकिन्छ । बारीका कान्लामा छिटो बढ्ने, सुख्खा याममा पाइने र होचो गरी काट्न सकिनेखालका डाले घाँसका बिरूवा लगाउन सकिन्छ । यसबाट सजिलैसँग पशुपालन व्यवसाय गरी आम्दानी लिन सकिन्छ भने खेर गइरहेको भूमिको सुधार पनि हुन्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि अधिकार मञ्चमा सङ्गठित भएका अगुवा तथा साना किसानलाई आफूसँग भएको खेतबारी प्रशस्त प्रयोगमा ल्याउनका लागि कृषि वन पद्धति व्यवस्थापन अभिमुखीकरण तालिम रामेछाप, ओखलढुङ्गा र खोटाङ जिल्लामा आयोजना गरेको थियो । त्यसपछि यी जिल्लाका किसानले सामुदायिक भूमि सुधारको अभ्यास गर्न थालेका छन् ।

यी क्षेत्रमा सुरुसुरुमा भूमि अधिकार अभियान सञ्चालन हुँदा भूमि अधिकार मञ्चले भूमिको खोजी गरी वितरण गर्छ भन्ने हल्ला फैलिएको थियो । फेरि अर्कोतर्फ संयुक्त पुर्जा (जग्गाधनी पुर्जामा श्रीमान् श्रीमतीको नाम लेखाउने र बराबर स्वामित्व कायम गर्ने) अभियान सञ्चालन हुँदा भूमि अधिकार मच्चको बैठकमा गएर त श्रीमतीले अंश पो खोज्दा रहेछन् । भूमिमा पनि समान अधिकार र पुर्जामा पनि संयुक्त नाम ! यस्तो पनि हुन्छ भन्दै खिल्ली उडाउने पनि थिए ।

समाजमा रहेका यस्ता भ्रम चिर्नका लागि भूमि अधिकार अभियानका अगुवा, अभियानकर्मी आफैँले केही परिवर्तन गर्नुपर्छ भनी भइराखेको उत्पादनलाई कसरी बढाउने, उन्नत किसिमको बाली लगाई उत्पादन कसरी बढाउने र व्यावसायिक कसरी बन्ने भन्ने विषयमा छलफल गरे । किसानलाई व्यावसायिक बन्न, भूमिमा महिलाको स्वामित्व बढाउनका लागि संयुक्त लालपुर्जा बनाउन पनि अगुवाहरूबाटै सुरुवात गरियो । अगुवा पहिले आफैं सिकेर कृषि उत्पादन बढाउने अभ्यासमा लागे । अगुवाहरूलाई फलफूल, घाँस, अन्य बोटबिरूवा कसरी रोप्नेदेखि हाँगा काटने, छाँट्ने, बालीनाली औषधोपचार गर्ने, हेरचाह गर्नेसम्मका सबै कार्य व्यावहारिक अभ्यासद्वारा नै सिकाइयो ।

तालिमपछि अगुवाहरूले रामेछापको सुकाजोर गाविस–१ डाडाँवरी भीमसेन गाउँ भूमि अधिकार मञ्चमा केरा, भुइँकटहर र बेसार खेती, खोटाङको दुर्छिम गाविस–३, हात्तीढुङ्गे गाउँ भूमि अधिकार मञ्चमा सामूहिक तरकारी खेती व्यवसाय सुरु गरे । ओखलढुङ्गाको राधाकृष्ण गाउँ भूमि अधिकार मञ्च कुन्तादेवीमा र सरस्वती गाउँ भूमि अधिकार मञ्च कटुञ्जेमा व्यावसायिक बाखापालन सुरु गर्न थालेका छन् । बाखापालनका लागि आवश्यक डालेघाँसका लागि खेतबारीका कान्लामा नेवारो, दुधिलो, राइखनायो, किम्बुजस्ता बिरूवा लगाउन थालेका छन् भने पाखाहरूमा भुइँ घाँस लगाउन थालेका छन् ।

व्यावसायिक खेतीमा तरकारी खेतीबाट मात्र जीवन निर्वाहलाई सहयोग पुग्ने र आफूले पनि नियमित ताजा तरकारी खाना पाउने हुँदा तरकारी खेतीलाई गाउँ मञ्चहरूमा मौसमी तथा बेमौसमी दुवै समयमा सुरु गरेका छन् । सामुदायिक भूमि सुधार गर्न सङ्गठनका सदस्यहरूले सामुदायिक खेती पनि सुरू गरेका छन् । आफूलाई खान मात्र लगाउने फलफूलका एक/दुई बोट बिरूवा पनि बढाएर व्यावसायिकरूपमा एक सयदेखि माथि नै बोट बिरूवा लगाउन थालेका छन् । खाली जमिन र बाँझो जग्गा अब बाँझो राख्नुहुँदैन भन्नेमा गाउँ मञ्चमा छलफल चलाई उपयोगमा ल्याउन थालेका छन् ।

बाखापालनका लागि साना किसानदेखि व्यावसायिकरूपमा बाखापालन गर्नेहरूले खेतबारी कान्लामा घाँस खेती गर्नु अति आवश्यक छ । साना किसान तथा भूमिमा श्रम गर्नेहरूका लागि पशुपालन अनिवार्य छ । सुक्खा महिनामा घाँसको सधैं अभाव हुन्छ । वर्षा मौसममा पनि सजिलै पाइँदैन । पहाडी धरातल भएकाले भिरालो जग्गामा खेती गर्ने गरा साना र ठूला बाँझा कान्ला हुन्छन् । “सामुदायिक भूमि सुधारद्वारा कृषिवन पद्धति” तालिमले ती बाँझो कान्लामा घाँस खेती गर्ने तरिका सिकायो । साथै व्यावसायिकरूपमा तरकारी खेती, फलफूल खेती, उन्नत जातको ब्याडको बोका पाली समूहमार्फत् गाउँ मञ्चका सदस्यहरूको आयस्रोतमा परिवर्तन गर्ने र जीवन निर्वाहका लागि सहज बनाउनेतर्फ लागेका छन् ।

त्यतिमात्र होइन, गाउँघरमा खेतीपाती गर्ने युवा जनाशक्ति तथा पुरूषहरू नबस्ने भएकाले जमिनमा काम गर्ने महिलाले नै यो व्यावसायिक कार्यको थालनी गरेका छन् । यसअघि जोत्ने काम पुरूषले मात्र गर्थे तर अब यो काममा महिला पनि लागेका छन् । उनीहरू जोत्नेमात्र होइन, रूखको घाँस काट्ने, खेतीपाती चलाउने, गाउँ मञ्चमा सञ्चालन हुने बैठक र तालिममा पनि उत्तिकै सहभागी हुने गरेका छन् । तर जमिनमा स्वामित्व भने महिलाको छैन । गत वर्षदेखि सयमा संयुक्त लालपुर्जा अभियान सञ्चालन भएयता महिलाको स्वामित्व बढ्दैछ । व्यावसायिक तरकारी खेती गर्नका लागि आवश्यक जाँगर, बीउ, स्थान, स्थायी पानीको मुहान, रोग कीराविरूद्ध विषादिको प्रयोग गर्ने तरिका साथै कृषि विज्ञको अभाव पहाडी जिल्लाका कुनाकाप्चामा अहिले पनि छ । घरमा प्रयोग गरेको पानीलाई पानी भकारी निर्माण गरी सिँचित गरेर पुनः प्रयोग गर्न सीप ज्ञान पनि बढेको छ । सीप, जाँगर र पसिनालाई श्रममा बदलेर उत्पादन र पैसामा रूपान्तरण गर्ने सोचमा छन् यहाँका किसान अहिले । र, त्यसैमा लागेका पनि छन् । ●

# सहकारी अभियान



■ रामजी ढकाल

कृषि क्षेत्रको विकास गर्नका लागि सहकारी अभियान पनि मुख्य हो भन्ने कुरा सबै क्षेत्रबाट उठ्ने गरेका छन् । राजनीतिक दलका नेता, सरकारी अधिकारी, गैरसरकारी निकायहरू पनि यो कुरामा पछाडि छैनन् । तर नेपालमा सबै मानिस एकै आर्थिक हैसियतका छैनन् । यहाँ धेरैजसो कृषक गरिबीको रेखामुनि छन् । गरिब किसानलाई चुनावका बेलामा मात्र ठूलो आश्वासन बाँडिने परम्परा यस पटकको चुनावमा पनि मजैले देखियो ।

यहाँ लाखौं गरीब, भूमिहीन र सुकुम्बासी मोही किसान समस्यामा छन् । उनीहरू दैनिकरूपमा खेतीमा काम गर्छन् तर उनीहरूसँग खेतीपाती छैन । खेतीपातीको स्वामित्व किसानी गर्नेहरूसँग भन्दा पनि नगर्नेहरूसँग छ । यसकारण यसले पनि आर्थिक विकासको मेरुदण्ड कृषि क्षेत्रको विकासमा प्रभाव पर्न गएको छ ।

नेताहरू यिनै भूपति र भूमाफियाको सुरक्षाका लागि वकालत गर्छन् । आजसम्म हाम्रो देशमा देशको आर्थिक मेरूदण्डलाई बचाउन काम गर्ने कृषकहरू खाली खेतालामात्र भएका छन् । जमिन दिनदिन बाँझिदैछ, मल र कृषिका बारेमा केही पनि नजान्नेहरूको स्वामित्वमा जमिन छ । कोदालो र हलो चलाउने सबै मानिस भूमिहीन छन् । त्यसकारण दिनानुदिन खाद्य सङ्कट बढ्दैछ । महँगी बढ्दैछ । युवाहरू हजारौँको सङ्ख्यामा विदेशिएका छन् । जोत्नेको नाममा जमिन नहुँदा देशमा धेरै हिसावले अन्योल हुने र यसले राज्यको कुल गार्हस्थ उत्पादनमा समेत ह्रास आउने खतरा छ । कृषिमा प्रविधिको विकासप्रति सरकारको ठोस योजना नआउनु, भएका प्राविधिक सेवा क्षेत्रप्रति उत्तरदायी नहुनु, कृषकप्रति पारदर्शी नदेखिनु जस्ता कामले पनि नेपालको आर्थिक विकासको मेरूदण्ड मानिने कृषि क्षेत्रको विकास गर्न अब समुदाय नै जुर्मुराउनुपर्छ । यसका लागि सहकारी क्षेत्रको विकास गरिनुपर्छ । एक गाउँ एक सहकारी हुनु आवश्यक छ । गाउँ–गाउँमा हुने सहकारीले निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गरी व्यावसायिक खेती प्रणालीका लागि कृषकलाई लगानी गर्न आवश्यक छ ।

खेती प्रणालीमा खेती खर्च कम गरी उत्पादन वृद्धिका लागि चक्लाबन्दीतवरले खेती गर्ने परिपाटीका लागि सहकारीले सहयोग गर्न सक्छ । कृषिलाई व्यावसायिक बनाउन,

> विश्वको कतिपय विकसित देशलाई हेर्ने हो भने ती देशमा आर्थिक क्रान्ति नै सहकारी आन्दोलनबाट भएको पाइन्छ ।

सुलभरूपमा मलखाद, बीउ, औषधीलगायत्मा सहकारीले सहजरूपमा कृषकलाई ऋण प्रवाह गर्न सक्छ । एक घर एक उत्पादनका लागि प्रविधिको प्रयोग गर्नका लागि सहकारीले सहयोग गर्न सक्छ । यसले स्वरोजगार सृजना गरी युवा कृषकहरूको विकासमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ । आर्थिक विकासका लागि अब कृषि सहकारी अभियान सञ्चालन गर्न आवश्यक छ ।

विश्वको कतिपय विकसित देशलाई हेर्ने हो भने ती देशमा आर्थिक क्रान्ति नै सहकारी आन्दोलनबाट भएको पाइन्छ । सहकारी धेरै किसिमका हुन्छन् । बचत तथा ऋण सहकारी, सेवा सहकारी, उपभोक्ता सहकारी, विद्युत् सहकारी, स्वास्थ्य सहकारी, दुग्ध सहकारी, फलफूल सहकारी यी सबै सहकारीलाई समेट्न कृषि सहकारीले महत्वपूर्ण भूमिका खेल्छ । यस्ता सहकारीहरू समुदायको आवश्यकतामा आधारित भई स्थापित हुन्छन् । तर यसमा सबैभन्दा महत्वपूर्ण सहकारी कृषि सहकारी मानिन्छ । हाम्रो देशमा पनि ६७ प्रतिशतभन्दा बढी मानिस कृषि पेशामा आधारित भएका कारण कृषि सहकारीको राम्रो विकास गर्ने हो भने यसले देशको आर्थिक विकास र आर्थिक क्रान्तिमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

भूमि तथा कृषि अधिकार अभियानसँगै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पनि गाउँ–गाउँमा कृषि सहकारी अभियान सञ्चालन गरिरहेको छ । गाउँ–गाउँमा निर्माण भएका सहकारीमा महिला, भूमि अधिकारबाट वञ्चितहरू, साना किसानहरू सङ्गठित भएका छन् । उनीहरू सहकारीमार्फत् भूमि अधिकारबाट वञ्चितहरूको आयआर्जनमा वृद्धि गर्नका लागि सामूहिक खेतीपातीको सुरुवात गर्ने, बाँझो जग्गाको खोजी गरी खेतीपातीमा प्रयोग गर्ने कार्यमा सक्रिय हुन थालेका छन् ।

कृषि सहकारीले कृषि क्षेत्रको विकास र विस्तार गर्नका लागि महत्वपूर्ण भूमिका खेल्नेछ । यही अठोटका साथ ग्रामीण क्षेत्रमा महिला किसान, भूमिमा काम गर्ने साना किसान सक्रिय भएका छन् । जबसम्म भूमि हक साना किसान र भूमिमा श्रम गर्ने किसानको स्वामित्वमा हुँदैन तबसम्म उत्पादन वृद्धि हुँदैन । जबसम्म उत्पादन वृद्धि हुँदैन तबसम्म आर्थिक विकास हुँदैन । जबसम्म आर्थिक विकास हुँदैन तबसम्म आर्थिक क्रान्ति सम्भव पनि छैन । त्यसकारण हरेक तवरबाट सहकारी अभियान गर्न आवश्यक छ । ●

# बगेको खुसी



■ कुमार थापा

आकाश गडगडाउँदो छ । केही भागमा धुवाँ नै धुवाँ लागेको कपासको पोको जस्तो केही भागमा कञ्चन सेतो कपास । म र महोत्तरीका अभियानकर्मी राजकुमार बस्नेत लक्ष्मिनियाँ जाने तरखरमा थियौं । पानी आए पनि भदौरे पानी हो, आउँछ, रहन्छ भन्दै हामी लक्ष्मिनियाँ हानियौं । दिन काठमाडौं र रात गाडीको यात्राले थकित थियो ज्यान । उनी र म मोटरसाइकलको यात्राबाट त्यता लाग्यौं । चिप्लो बाटो, खाल्डाखुल्डी, त्यसमाथि बाटोको छेउछाउमा गाईवस्तु बाँधेकाले हिँडिसाध्य थिएन । बाटोमा जाँदै गर्दा खोला बाढी आएको देखियो । बाढी आएकाले मञ्चद्वारा गरिएको सामूहिक खेतीमा क्षति पुग्यो कि भनी हामी आत्तियौं ।

नभन्दै बाढी सुकुम्बासीहरूले खेती गरेका ठाउँको बीचबाट पसेछ । हामी जुन उद्देश्यले लक्ष्मिनियाँ गएका थियौं त्यहाँको अवस्था देखेर दुःख लाग्यो । त्यँहीकी राजकुमारी सदा २०६६ वैशाखमा विकास भूमि अधिकार मञ्चमा सङ्गठित भइन् । अरुकोमा थोरै ज्यालामा काम गर्दा परिवार पाल्नै धौधौ भएका बेला उनी जग्गा पाउँदा खुसी थिइन् । सुरुमा ४ कट्ठा १० धुर जग्गामा मकै लगाई माटो ऊर्वरा बनाइन् । त्यहिँबाट उत्पादन भएको मकैले उनको परिवारलाई वर्ष दिन खान पुग्यो । त्यही जग्गाबाट थप आम्दानी बढाउन लौका, फर्सी, भिन्डी, सिमी, वल, करेला, बोडी र भिमनी लगाइन् । त्यहीबाट एकै वर्षमा ६२ हजार आम्दानी गरिन् । त्यसपछि जमिनदारकोमा चरूवा बसेका छोराछोरीलाई त्यहाँबाट निकालेर विद्यालय पठाउन थालिन । यतिमात्र होइन, कमाउन भारतको गुजरात गएका श्रीमान्लाई पनि फिर्ता बोलाइन् । उनी जस्तै नदी उकास जग्गामा मञ्चमा सङ्गठित ३९ परिवारले पनि खेती गरिरहेका थिए । म त्यहाँ सदासँग उनको कुरा सुन्दै थिएँ । यत्तिकैमा उनले भनिन्- "मेरो पलाउन लागेको खुसी नदीले बगायो, बल्ल एक ठाउँ जम्मा भएको परिवारलाई नदी कटानले यत्रतत्र छरिदियो । मेरो अब त्यही अवस्था हुने भयो जुन पहिले थियो । दुःख पीडा, गरिबी !" बाढीले उनले खेती लगाएजति सबै कटान गरेको थियो । गत वर्ष भू-संरक्षण कार्यालयले दिएको १० थान जाली लगाए पनि त्यसले कटान रोक्न सकेन । यस वर्ष ५५ थान जाली भू-संरक्षणले दियो । त्यही जाली ढुङ्गा भर्दै गर्दा खोलो पसिहाल्यो । न उनीहरूको उद्देश्य पूरा भयो । न हामीले देख्न चाहेको परिवर्तन नै । हामी दिगो नदी नियन्त्रणका लागि सङ्गठन र सबैको साझा योजना बनाई परिवर्तनको कथा हैन, दुःखी मन लिएर फर्कियौं ।

## अनौ खाइने डर

गुठी जग्गाको अवस्था अध्ययनका लागि जिल्ला मञ्चका अध्यक्ष इच्छाराम परियारसँग भुइँचक्रपुर पुगियो । सीतापुर गाउँ भूमि अधिकार मञ्चकी अगुवा चम्पादेवी दनुवारले खानाको गरिन । त्यही बेला उनको भाइसँग गुठी सवालबारे छलफल भयो । उनी सहकारीमा काम गर्दा रहेछन् । त्यसैले संयुक्त पुर्जाको अभियानलाई जोडेर लान सकिन्छ कि भनेर अनौपचारीक कुराकानी गरियो । त्यतिञ्जेलमा खाना तयार भयो । आफूले खाएको भाँडा माझ्ने बानी परिसकेकाले त्यहाँ पनि थाल माझ्नका लागि बाहिर लान के खोजेको थिएँ त्यस घरका बाजे चर्किए । उनीहरूको चलन रहेछ- बाहिरबाट आएका व्यक्तिले जुठो भाँडा छुन नहुने ।

मैले एक तालिममा विकासे कार्यकर्ताले अनौ खाएको कथा सुनेको थिएँ । त्यो सम्झना एक्कासि आयो । छलफलमा गएका बाहिरी मानिसले जुन समुदायमा गएको हो त्यहीँसँग घुलमिल हुनु सक्नुपर्छ । खाट, कुर्सीमा नबसी बस्ने घरको अवस्था जस्तो छ त्यहीअनुसार चल्नुपर्छ । त्यो कथामा गाउँमा गएको कार्यकर्तालाई दिइएको मान अपमान गरेपछि एक वृद्धले दलिनमा सिउरिएको हलोको अनौ झिकेर भकुरेछन् । मलाई सन्तोष भयो र विकासे कार्यकर्तामा रूपान्तरित नभएको बोध गर्दै उनीहरूकै चलनमा चलें । त्यसपछि हामी छलफलका लागि निस्कियौं ।

## गुठीमा नअटाएका दलित

धनुषाको भूँइचक्रपुरमा वनदेवी माईको १० विघा ३ कट्ठा १६ धुर गुठी जग्गा छ । सुकुम्बासीहरूको व्यवस्थापनका लागि गुठी जग्गा उपयोग गर्न सकिन्छ भन्ने सवालमा छलफल हुँदा गुठी समितिका एक सदस्यले फूर्तिसाथ भने- यहाँ सुकुम्बासी नै छैनन् । भएका ४ घरलाई हामीले व्यवस्थापन गरिसकेका छौं । त्यसपछि सुरु भयो खैलाबैला । छलफलमा चमार, मण्डललगायत् सुकुम्बासी सहभागी पनि थिए । २८ परिवारले ५ कट्ठाका दरले प्रतिकट्ठा ७५० रूपियाँ कुतबापत तिरी बसेका रहेछन् । दुईवटा प्लटको बीचबाट बाटो खोली आफूलाई मन पर्ने मान्छेलाई घडेरी र ४ घर सुकुम्बासीलाई राखेका रहेछन् । विद्यालय नजिकै बसोबास गर्दै आएका ८ घर दलित सुकुम्बासीलाई पनि गुठी जग्गामा राख्ने निर्णय गरी क्षेत्र छुट्याइएको रहेछ । मन्दिरको नाममा जग्गा भएकाले छुवाछुतको कारण देखाई उनीहरूलाई गुठीको जग्गामा बसोबास तथा खेती गर्नबाट वञ्चित गरिएको रहेछ ।

## मकै खाने भालु, गाली खाने कालु

पौराई-८ को गाउँब्लकको अवस्था अध्ययनका लागि जुटबेला फूलबारीको टेम्पोमा भदौरे घामको तातो हावामा कच्ची बाटोको धुलो खादैं जुटबेला पुगियो । चुरे क्षेत्र फूलबारीतिर जान रौतहट जिल्ला मञ्चका अध्यक्ष अनुप माझी साथमा थिए । फूलबारी पुग्यौं । त्यहाँ ६ महिनादेखि सङ्गठनको बैठक भएको रहेनछ । हामी पुगेको आधा घण्टापछि ९ महिला र ४ पुरूष जम्मा भए । हामीले छलफल के सुरु गरेका थियौं, केही पर एक वृद्धा तामाङ भाषामा कराउँदै यताउता गर्न थालिन् । 'गौर' भनेको मात्र सुनिन्थ्यो । पछि मनकुमारीले पो प्रष्ट्याइन्- यिनको सुकुम्बासी परिचयपत्र पाउनका लागि फारम भर्न सदरमुकाम गौर जाँदा ५ सय रूपियाँ खर्च भएको रहेछ । त्यहाँका ५४ घरधुरीमध्ये १५ परिवारको परिचयपत्र नबन्दै आयोग विघटन भयो र उनले पाइनछिन् । अरुले पाउने, मेरोचाहिँ पैसामात्र खर्च भयो भनेर हामीलाई रिस पोखेकी रहिछिन् । अब आयोगकै ढिलासुस्तीले उनले परिचयपत्र पाइनन् त हामी के गरुँ ? तैपनि हामी रिसाएनौं । ●



# जारी छ सङ्घर्ष

– वीरबहादुर बिक
खयरमारा–९, महोत्तरी

**भूमि अधिकार आन्दोलनमा कसरी लाग्नुभयो ?**

२०५९ चैत २० गते महिला सहयोगात्मक समाजले आयोजना गरेको प्रशिक्षणमा सहभागी भएको थिएँ । तीन दिने प्रशिक्षणको अन्तिम दिन सबैले एक/एक प्रतिबद्धता जनाउनुपर्ने भयो । जसमा मैले भूमि अधिकारबाट वञ्चितहरूलाई सङ्गठित गराउने प्रतिबद्धता जनाएँ । सोही दिनदेखि भूमि अधिकार आन्दोलनमा लागेँ । २०६० वैशाख ४ गते बुडुवा गाउँ भूमि अधिकार मञ्च गठन गर्‍यौँ । सङ्गठनको अध्यक्ष मलाई चुनियो । त्यसपछि निरन्तर रुपमा भूमि अधिकार अभियानमा छु ।

**आन्दोलनमा लाग्न कसरी प्रेरणा मिल्यो ?**

म सधैं आफूलाई गरिब, दलित र पछाडि पारिएको वर्ग भनी धिक्कार्थे । जब म भूमि अधिकार आन्दोलनमा क्रियाशील हुन थालेँ । मभन्दा पनि दुःखी, गरिब, खाना र बाँच्नका लागि ज्यादै समस्या भोगिरहेका धेरै परिवार भेटेँ । रातोदिन काम गर्दा पनि एक छाक पेट पाल्नसमेत गाह्रो पर्ने परिवार धेरै छन् । सुकुम्बासी भूमिहीन परिवारलाई रोजगारीको व्यवस्था छैन । दिनभर काम गरे पनि उचित ज्याला पाउँदैनन् । गरिखाने आफ्नो जमिन छैन । अभियानमा लाग्दा यस्ता समस्याले मलाई घचघच्याउँदै गएपछि भूमि आन्दोलनमार्फत् यो वर्गका लागि केही गर्न सकिन्छ भन्ने लाग्यो । अनि यो अभियानमा क्रियाशील भएँ ।

**अभियानलाई कसरी अघि बढाउनुभयो त ?**

२०६३ सालसम्म सङ्गठन छलफल र सुदृढीकरण गरियो । जसमा आन्दोलन कोषको रूपमा मुठी सङ्कलन अभियान, स्थानीय स्रोतको खोजी र उपयोग गर्न थाल्यौं । विकल्प कार्यक्रमले चुरे संरक्षण, जनजीविका र भूमि अधिकारको सवालमा सचेतीकरण अभियान चलायो । उक्त कार्यक्रमले चुरेको सवाल बाहिर ल्यायो र भूमि अधिकार अभियानलाई पनि उठाउन सहयोग गर्‍यो । यसपछि भूमि अधिकार मञ्चलाई हामीले निरन्तररूपमा आगाडि बढाइरह्यौं ।

**आन्दोलनमा कुनै अवरोध तथा चुनौती आएन ?**

अवरोध र चुनौतीले नै मानिसलाई अघि बढ्ने हौसल्ला दिँदोरहेछ । त्यसलाई कसरी सामना गर्ने भन्ने कुरा मात्र फरक हो । म एक त दलित परिवारको सदस्य भएकाले भेदभाव सामना गर्दै अघि बढ्नुपर्‍यो । अभियानका क्रममा बास बस्न दलितकै घर खोज्नुपर्ने हुन्थ्यो । जमिनदार तथा हुने खानेकोमा काम गर्ने व्यक्ति उनीहरूकै जमिनमा काम गरिदिए खुसी हुन्थे । नत्र हाम्रो अभियान र सङ्गठनविरूद्ध खनिन्थे । समाज भाँड्न खोजेको आरोप बारम्बार आउँथे । गाउँमा बैठक सञ्चालन गर्नसमेत गाह्रो पर्‍यो । जमिनदारहरूले तारो नै बनाउँथे । भूमि आन्दोलनले आफ्नो भूमि गुम्ने त्रासका कारण उनीहरू सकेसम्म भूमि आन्दोलन दबाउन चाहन्थे । मौका मिले धम्की पनि दिइहाल्थे । त्यस्ता कुरालाई ध्यान दिन थालियो भने हाम्रो आन्दोलन सफल हुँदैन भनी हामी उनीहरूको कुराको पछाडि लागेनौं । विभिन्न चुनौती सामना गर्दै आन्दोलनलाई जीवन्त बनाउन आन्दोलनमा सक्रियतापूर्वक सहभागिता जनाउने, भूमिका खेल्ने, आन्दोलनका लागि कोष जम्मा गर्दै आएका छौं ।

**यसले तपाईंको जीवनमा चाहिं के परिवर्तन आयो त ?**

म एक किसान हुँ । भूमिमा नै काम गर्छु तर त्यही भूमि अधिकारबाट वञ्चित व्यक्ति हुँ । त्यसैले जुन व्यक्तिमा पीडा छ त्यो पीडाबाट मुक्ति पाउन आफैं लाग्नुपर्छ भन्ने सिकाई आन्दोलनले सिकाएको छ । र यो आन्दोलनति पूर्ण विश्वास पनि बढेको छ । भूमि अभियानमा लागेपछि ममा धेरै ज्ञान बढेको छ । म आफूले सिकेको वा जानेको कुरा समुदायका अरु मानिसलाई पनि उत्तिकै बताउन सक्ने भएको छु । अव कुरा कुरा त आन्दोलनमा लाग्दै गएपछि व्यवस्था परिर्वतन भएछि पाउने आशा छ ।

**अबको योजना के छ ?**

भूमि अधिकार अभियानलाई निश्चित बिन्दुमा पुर्‍याई भूमि अधिकारबाट वञ्चितहरूका लागि अरु मानिससरह समान हैसियतमा बाँच्ने वातावरण तयार गर्नका लागि हामी लडिरहने छौं । हामी अधिकारबिहीनहरूले अधिकार नपाएसम्म रोकिँदैन । समुदाय, जिल्लाका भूमिहीनको समस्या/ सवाललाई उठाउने, जिल्ला तथा राष्ट्रिय स्तरमा जोड्न र जति सक्दो चाँडो भूमि सुधार गर्नका लागि सङ्घर्षरत् रहने योजना छ । बाँझो जमिन खोजी गरी उपयोगमा ल्याउने, सामूहिक खेती विस्तार गर्ने, जीविकोपार्जनका लागि आयआर्जनमूलक साना व्यवसाय सञ्चालन गर्ने योजना पनि बनाएका छौं । ●

# मञ्चले परिचयपत्र दिलायो



पार्वती चौधरी

❛ पहिले भूमि अधिकार मञ्चको सङ्गठनमा लाग्दा आन्दोलनमा हिँड्दा केही हुँदैन भनेर होच्याउँथे तर अहिले हाम्रै आन्दोलनको प्रभावले परिचयपत्र पाएपछि भने विश्वास गर्न थालेका छन् । ❜

मेरो नाम पार्वती चौधरी हो । २०६८ सालदेखि म दिनाभद्री गाउँ भूमि अधिकार मञ्च, सप्तरीमा भूमि हकका लागि सङ्गठित छु । मेरो ८ जनाको परिवार छ । हामी सुकुम्बासी परिवारका हौं । आफूसँग गरिखाने जमिन नभएकाले जीविका धान्न ज्यादै धौधौ छ । मेरा श्रीमान् भारतको पञ्जावमा नोकरी गर्नुहुन्छ त्यहीँबाट कमाएको पैसाले परिवारको जीविका चलाइरहेका छौं । हाम्रो सङ्गठनमा म जस्तै भूमि अधिकारबाट वञ्चित ३५ परिवार सङ्गठित छौं । हामी भूमि हक पाउनका लागि निरन्तर आन्दोलन गर्दै आइरहेका छौं ।

भूमि अधिकार मञ्चको नियमित बैठकहरूमा सहभागी भई सुकुम्बासी परिचयपत्रबारे छलफल गर्ने, त्यसैको लागि पटक पटक आन्दोलन गर्ने पनि गऱ्यौं । हाम्रो सङ्गठनलगायत देशभरका भूमि अधिकार मञ्चहरूले गरेको आन्दोलन पछि सरकारले सुकुम्बासी समस्या समाधान आयोग गठन गऱ्यो । आयोग गठन भएपछि सम्पूर्ण सुकुम्बासीहरूले आशा गरे अव भने सरकारले पक्कै सुकुम्बासीको व्यवस्थापन गर्छ । तर व्यवस्था हामीले सोचेको जस्तो भएन । आयोगले सुकुम्बासीहरूलाई जग्गा वितरण गर्ने, सुकुम्बासीको पुर्नस्थापना गर्ने कार्यमा ध्यानै दिएन ।

हामी परिचयपत्रका लागि आयोगमा निवेदन पेश गर्नका लागि सङ्गठनका सबै सदस्य नागरिकता र फोटो सङ्कलन गरी आयोगको कार्यालयमा गयौं । आयोगमा निवेदन पेश गरे पनि लामो समयसम्म हामीलाई सुकुम्बासी परिचयपत्र दिइएन । परिचयपत्र नदिएपछि हामी पटक–पटक सङ्गठनका सदस्य मिली जिल्ला भूमि अधिकार मञ्चसँगै आयोगमा धर्नासमेत बस्न गयौं । धर्ना बसेपछि भने धेरै पटक सुकुम्बासी आयोग, जिल्ला प्रशासन र भूमि अधिकार मञ्चबीच छलफल भयो । जिल्ला मञ्चले धेरै दबाब दिएपछि मात्र हामीलाई परिचयपत्र दिन सुकुम्बासी समस्या समाधान आयोग बाध्य भयो । हामीलाई सुकुम्बासी हो भन्ने पहिचानको लागि सुकुम्बासी परिचय पत्र भने दियो । यो पाउँदा पनि हामीले धेरै अधिकार पाएका छौं जस्तो आभास म लगायत सङ्गठनका अन्य सदस्यहरूले पनि गरेका छन् ।

हामी सुकुम्बासीलाई सरकारले एउटा परिचयपत्र मात्र दिँदा पनि जग्गाको अधिकार नै दिएको जस्तो खुसी हुँदोरहेछ । यसबाट हामीलाई धेरै आशा पलाएको छ । पहिले भूमि अधिकार मञ्चको सङ्गठनमा लाग्दा आन्दोलनमा हिँड्दा केही हुँदैन भनेर होच्याउँथे तर अहिले हाम्रै आन्दोलनको प्रभावले परिचयपत्र पाएपछि भने विश्वास गर्न थालेका छन् ।

हामी जस्तै भूमि अभियानका अगुवाहरूमा पनि आत्मविश्वास बढेको छ । अधिकार लिनका लागि आन्दोलन नै गर्नुपर्ने रहेछ भन्ने जोश पनि बढेको छ । तर हामी अझै आन्दोलनलाई सशक्त बनाएर लैजाने तयारीमा छौं । हामी सुकुम्बासीले जबसम्म सुरक्षित बास र जीविकाका लागि गरिखाने जमिनको अधिकार पाउदनौं तबसम्म हाम्रो आन्दोलन जारी नै रहने छ । ●

# जमिनमा श्रीमान्‌को जति नै हक हुन्छ भन्ने कल्पनै थिएन

**–रूक्मिनी दनुवार,** सर्लाही

मेरो श्रीमान् भूमि अधिकार मञ्चमा सङ्गठित छन् । हामीले जमिनदार सतीशकुमार श्रेष्ठको २९ कट्ठा र चन्द्रलाल श्रेष्ठको ११ कट्ठा १० धुर जग्गा (मोहीका रूपमा) जोत्दैभोग गर्दै आएका छौँ । मेरो ससुराबुबाको मृत्युपछि १० वर्षको उमेरदेखि नै मेरो श्रीमान् जमिनदारकोमा काम गर्न बसे । त्यती लामोसमयदेखि त्यो जमिन जोतभोग गर्दै आएको भएपनि स्वामित्व पाउन सकिएन । वर्षौंदेखि जमिन जोत्दै आएका हौँ । त्यसको अधिकार पाउन नसकेपछि २०६५ देखि मिलाप गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भयौँ ।



गाउँ भूमि अधिकार मञ्चको नियमित रुपमा बैठकमा जान थालेपछि एक दिन मञ्चमा संयुक्त लालपुर्जाव छलफल भएछ । भूमिमा महिलाको स्वामित्व लागि भूमि अधिकार मञ्चले संयुक्त पुजाको थालेको रहेछ । जुन कुरा मेरो श्रीमान्ले गाउँ मञ्चको बैठकमा थाहा पाउनुभएछ । मधेसी समुदायबाट कसैले पनि संयुक्त जग्गाधनी पुज बनाउने हिम्मत गरेनन् । जुन कुरा मलाई मेरो श्रीमान् सुनाउनुभयो ।

मेरो ससुराबाले मोही लागेको जग्गाको केही अन्न बेचेर ६ कट्ठा १३ धुर गाउँब्लकको जग्गा किन्नुभएको थियो । जुन जग्गमा अहिले हामी बस्छौं । त्यो जग्गा पछि दर्ता गरी आफ्नो नाममा भएको थियो । त्यही जग्गामा संयुक्त पुर्जा बनाऔँ भन्नुभयो मेरो श्रीमान्ले । म यो सुनेर धेरै नै खुशी भएँ । जमिनमा श्रीमान्को जति हक हुन्छ भनेर कहिल्यै मैले सोचेको पनि थिएन ।

मेरो श्रीमान् भन्नुभयो म भन्दा तिमि बढी समय खेतबारी, करेसाबारीको काम गर्छौ, म बाहिरफेराको काम मात्रै गर्छु त्यसैले जग्गामा तिम्रो र मेरो बराबर हक हुनुपर्छ भन्नुभयो । उहाँले जुन कुरा गाउँ मञ्चको छलफलमा महसुस गर्नुभएको रहेछ । त्यसपछि हामी दुवै जना मलङ्गवा गयौं, फोटो खिचायौं । मैले त्यही बेला हो ४३ वर्षपछि जग्गाको पुर्जा देखेँ । त्यसमा मेरो फोटो टाँस्दामात्र मलाई विश्वास भयो मेरो पनि आफ्नो पुर्जा भयो भनेर । सधैं खेतमा धान लगाउने त म नै थिएँ तर घर खर्च चलाउन धान बेच्नुपर्‍यो भने श्रीमान्लाई पर्खनुपर्थ्यो । यसपालीको धान यसै महिना (असोज) मा मैले बेचेँ, श्रीमान् काठमाडौंमा थिए । फोनबाट हामीले सल्लाह गर्‍यौं । अनि धान बेचेर मैले घर व्यवहार चलाएँ । श्रीमान्ले केही सामान खरिद गर्नुपर्‍यो भने मलाई सोध्न थाल्नुभएको छ । त्यसैले अहिले म खुसी र ढुक्क छु । साथै जिम्मेवारी पनि बढेको महसुस गरेको छु । अन्य दिदीबहिनीलाई पनि संयुक्त पुर्जा बनाउन सल्लाह दिन थालेकी छु । म सबैलाई भन्छु तपाईहरू आफैं पनि आफ्नो घरबाट आफ्नो भूमि हको लागि वकालत सुरु गर्नुहोस् । ●

# जहाँ गयो, उतै सङ्गठन

यसपालि मङ्सिरको १६ देखि पुसको ६ गतेबीचमा ३ पटक सुदूरपश्चिमको यात्रा गर्नुपर्‍यो । केयर नेपालले धनगढीमा आयोजना गरेको सामाजिक लेखापरीक्षणसम्बन्धी अभिमुखीकरण अनि आफ्नै भूमि अधिकार आन्दोलनको कैलाली र बाँकेको कार्यक्रम समीक्षा सकेर काठमाडौं नआइपुग्दै फेरि बिबिसी साझा सवालका लागि बँधुवा मजदुरसम्बन्धी कार्यक्रममा अन्तर्वार्ता दिन धनगढी नै जानुपर्‍यो । यी कार्यक्रम सकेर फर्किनासाथ बर्दियामा वकालतीय सीप तालिम, डडेल्धुरा सदरमुकाममा भूमि नीतिको मस्यौदामाथि सरोकारवालासँग छलफल र जोगबुढामा संयुक्त पुर्जा वितरण कार्यक्रम तय भइसकेको थियो ।

कैलालीमा मङ्सिर २० गते भएको समीक्षामा विगतको भन्दा बढी उत्साह पाइयो । समीक्षाका दिन बनाइएको योजनाअनुसार नै सभासद्सँग जिल्लास्तरीय छलफल भइसकेको छ । जिल्ला भूमि अधिकार मञ्चको कार्यालयमै खाना पकाएर खाने व्यवस्था गरिएको रहेछ । उक्त दिन सुत्ने नौ जना थियौं । कपडा खासै नदेखेकाले कसरी सुत्ने हो भन्नेमा अन्यौल थियो । सुत्दा पातला मण्डी र तन्दा भागमा आए । बेलुका सुत्दा खासै जाडो थिएन तर रात छिप्पिँदै जाँदा मजाले निदाउन सकिएन । पाका कार्यकर्ता प्रेम विक ४ बजेतिर उठिसकेका थिए । चाँडै उठ्ने बानी रहेछ भन्ठानेको थिएँ । हामी उठेपछि थप मण्डी खापेर घुसुल्टिएपछि थाहा भयो- उनी पनि जाडोले निदाउन सकेका रहेनछन् । हामी सात बजे हिँड्दासमेत उनी घुर्दै थिए । पछिल्लो पटक पुस २८ मा नेपालगञ्ज जाँदा रात पर्‍यो । सात बजिसकेकाले मोटरसाइकल चढेर झण्डै ८० किलोमिटर त्यो पनि बर्दिया निकुञ्जको बाटो हिँड्ने आँट आएन । त्यो दिन नेपालगञ्जमै बसियो । बहिनी महालक्ष्मी कामविशेषले नेपालगञ्जमा बस्न थालेपछि त्यता पुगेको समय बस्नलाई पनि सजिलो भएको छ । भोलिपल्ट ६ नै बजे मित्र लालमणि भण्डारी र म मोटरसाइकलमा हुइकियौं । चिसोको त के बयान । त्यसपछिको रूघा र खोकीले हप्तै दिन गाल्यो । वकालतीय सीप तालिम राखिएको थियो । तीस जना अगुवाका लागि राखिएको तालिममा छलफल गरिएको विषय नितान्त नौलो थियो । तालिम सकिँदा धेरैले भने- अबचाहिँ आन्दोलन जितिन्छ । धेरै नयाँ र व्यावहारिक सीप बढ्यो भन्ने उनीहरूको आसय झल्कन्थ्यो ।

तालिममा हिरो थिए- ६८ वर्षीय सलारु वागवान । जो पुराना मोही हुन र मुद्दा खेपिरहेका छन् । हरेक सेसनमा सक्रिय भएर कुरामात्र राखेनन्, अनेकन कथा जोडेर र अभिनय गरेर पनि तालिम जीवन्त बनाए । वर्षौंदेखिका कार्यकर्तालाई विषयवस्तुमा सन्देश बनाउन हम्मे पर्‍यो तर उनले २ पेज सन्देश लेखेर आफैं सुनाए ।

तालिममा हिरो थिए- ६८ वर्षीय सलारू वागवान । जो पुराना मोही हुन र मुद्दा खेपिरहेका छन् । हरेक सेसनमा सक्रिय भएर कुरामात्र राखेनन्, अनेकन कथा जोडेर र अभिनय गरेर पनि तालिम जीवन्त बनाए । वर्षौंदेखिका कार्यकर्तालाई विषयवस्तुमा सन्देश बनाउन हम्मे पर्‍यो तर उनले २ पेज सन्देश लेखेर आफैं सुनाए । फरक यत्ति हो, उनलाई कोठाको उज्यालोले पुगेन र थप टर्च चाहियो । तालिममा उनीमात्र हैन, अरू पनि दर्जन अगुवा थिए । उत्तिकै सक्रिय । यसले छाती चौडा भयो ।

बर्दियाको डल्लास्थित होमस्टेमा गरिएको तालिममा म र जिल्ला भूमि अधिकार मञ्च बाँकेका अध्यक्ष जसवीर ओड परेका थियौं घर नं. ७ मा । बिहान खयर हालेको चिया, आधा लिटर दूध, लोकल कुखुराको अण्डा, तरकारी, रोटी वा डिक्री वा पुरी वा अनतीको भातको खाजा हुन्थ्यो । खाना खाने समयमा तीनथरी तरकारी, २ थरी अचार, दाल, दही । फेरि बेलुका लोकल कुखुराको मासुसहित दिउसोका खाना खाँदाको परिकार सबै । खाएको र सुतेकोसमेत प्रतिव्यक्ति ५ सय । त्यसमाथि आगो कम्लिमेन्टरी । घरकै सदस्यजस्तो आत्मीय व्यवहार । मैले एक दिन घरबेटीलाई भनें- हामी तपाईंकोमा बस्दैनौं, उनी अचम्मित भए र सोधे किन ? मैले भनें- म तीनथरी तरकारी, २ थरी अचार खाँदाखाँदै हैरान भएँ । एकथरी घटाउने भएमात्र बस्छौं । किन मान्थे र...। पाहुनाको खानपानमा कमी हुन नदिने उनीहरूको मनअगाडि हाम्रो केही लागेन ।

भूमि नीतिसम्बन्धी डडेल्धुरामा छलफल चलाएको भोलिपल्ट पुस ५ गते जोगबुढा लागियो । जोगबुढा बजारबाट थोरै अघि बढेपछि ८-१० जना मानिस थालमा अविर र माला लिएर बसेका रहेछन् । यसबारे कसैले जानकारी दिएका थिएनन् । ओर्लियौं । माला लगायौं । भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देशक तेजराज पाण्डे, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव पुरूषोत्तम सुवेदी, अक्सफाम नेपाल डडेल्धुरा क्षेत्रीय कार्यालयका संयोजक हिम सेढाई, कान्तिपुर टेलिभिजनका लालबहादुर ऐरी, जिल्ला संयोजक नारायण सार्की र म थियौं । जग्गा दर्ता हुनुपर्‍यो भन्ने माग राखेका उनलाई तपाईंको समस्या जायज छ मात्र भन्दा पनि भूमि अधिकार मञ्चका सदस्य औधी खुसी भए । तिनका समस्या समाधान नै भए झनै कति खुसी हुन्थे होला ?

सोही दिन जोगबुढामा संयुक्त पुर्जा वितरण कार्यक्रम सकेर कञ्चनपुरको भीमदत्तनगर बसियो । भोलिपल्ट नेपालगञ्ज आउनुपर्ने थियो । कञ्चनपुरको कलुवापुरमा नै गाडी रोकियो । भएको रहेछ-वाणीमा गाडीले मान्छे मारेकाले बन्द । के गर्ने ? फोन गरेको १० मिनेटमै जिल्ला भूमि अधिकार मञ्चका सचिव राम चुनारा आए । वैकल्पिक बाटोबारे सोधीखोजी गरियो । सबैले ३, ४ घण्टा घुमेर मात्र जान सकिने सुनाएका थिए । रामजीले चिनेका साथी भेटिए । समस्या बताएपछि ती मित्रले गाउँगाउँ र वन छिराएर ३ किमी तल निकालिदिए । १ घण्टाभन्दा घुम्नुपरेन । जहाँ जाँदा पनि मञ्चका साथीहरू भेटिने र तिनको क्रियाशीलता देखेर हामी खुसी भएका थियौं । आखिर देशव्यापी संगठन हुनुका धेरै फाइदा छन् । जता गए पनि कतै विरानो महसुस गर्नु नपर्ने ।

***-जगत देउजा***

# जोताहा भेला भयो




सुनसरी, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा चाँदवेलामा जोताहा भेला भयो । मंसिर १७ गते भएको भेलामा एकम्वा, इटहरी, चाँदवेला र पकली गाविसका भूमि तथा जोताहा किसानको सहभागिता थियो । जोताहा किसानले लामो समयदेखि जमिन जोतभोग गर्दै आएको भए पनि वास्तविकरूपमा किसानी गर्नेहरूले जमिनको स्वामित्व पाउन नसकेकाले जमिनको स्वामित्व जोताहा किसानले पाउनुपर्ने माग राखे ।

जोताहा किसानले भेलाको अवसरमा सहभागी भएका राजनीतिक दलका नेताहरूसँग भर्खरै सकिएको संविधान सभाको निर्वाचनमा दलहरूले जनतासामु गरेको प्रतिबद्धता स्मरण गराउँदै उनीहरूकै प्रतिबद्धताअनुसार भूमि सुधार हुनुपर्ने माग रोखका छन् । साथै जोताहा किसानले सरकारले ल्याएको भू–उपयोग नीति, २०६९ को पनि प्रभावकारी कार्यान्वयन गर्नमा सहयोग गर्न पनि सबैलाई आग्रह गरेका छन् । भेलामा स्थानीय सरोकारवाला, राजनीतिक दलका प्रतिनिधि, किसान सङ्घ/सङ्गठनका प्रतिनिधि र भूमि अधिकारबाट वञ्चितहरूसहित २०७ जनाको उपस्थिति थियो ।

## जिल्ला सम्मेलन भयो

सुनसरी, जिल्ला भूमि अधिकार मञ्चको पाँचौ जिल्ला सम्मेलन भएको छ । जिल्ला सम्मेलनले शिवनारायण भण्डारीको अध्यक्षतामा १३ सदस्यीय जिल्ला मञ्च गठन गरेको छ ।

त्यस्तै मञ्चको पदाधिकारीहरूमा उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र सदस्यहरूमा क्रमशः देवनारायण चौधरी, पशुपति चौधरी, गणेश पाण्डे, बालकुमारी चौधरी, गणेश तामाङ, नुनुनारायण राजधामी, गङ्गा राई, उर्मिला शिवाकोटी, कृष्णी उराव र सनु चौधरी चाँदवेला छन् ।

## अगुवा प्रशिक्षण भयो

उपयपुर, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा एक दिने अगुवा प्रशिक्षण भयो । मंसिर १५ गते हडियाँ गाविसको तालिम कक्षामा भएको प्रशिक्षणमा २६ महिलासहित ३९ भूमि अभियानका अगुवा सहभागी थिए ।

प्रशिक्षणमा राष्ट्रिय भूमि अधिकार मञ्च के हो ? सङ्गठन भनेको के हो ? सङ्गठन किन ? सङ्गठन कसरी चलाउने ? कस्तो सङ्गठन हुनुपर्ने हो ? सङ्गठनले गर्नुपर्ने काम के–के हुन् ? अगुवा के हो ? भूमि अभियानमा अगुवाको भूमिका के के हुन्छ ? भन्ने विषयमा सहजीकरण भयो ।

# सामूहिक खेतीबाट आम्दानी



रसुवा, जिल्ला भूमि अधिकार मञ्चले निर्माण गरेको भूमि अधिकार महिला कृषि सहकारीको माध्यमबाट धैबुङ-६ गैराघरका १५ महिला किसान मिली सामूहिक तरकारी खेती सुरू गरेका छन्। सहकारीमा सङ्गठित महिलाले भूमिको अधिकार स्थापित गर्नका लागि आन्दोलनलाई निरन्तरता दिँदै आयआर्जनमा टेवा पुऱ्याउन सामूहिक खेती सुरु गरेका हुन्।

सामूहिक खेतीका लागि महिलाले एक वर्षका लागि जग्गा भाडामा लिएका छन्। एक वर्षमा ३ बाली (तरकारी) लगाएर फाइदा लिने महिला किसानको अठोट छ। पहिलो चरणमा १५०० गोलभेंडाका बिरूवा रोपिएको थियो। गोलभेंडा खेतीबाट २२ हजार ५ सय रुपियाँ आम्दानी लिन सफल भएका छन्। दोस्रो चरणमा काउली, घिउसिमी र आलु खेती गरिएको छ।

खेतीपाती र त्यसको रेखदेख र संरक्षणसँग गोडमेलका लागि पालैपालो गर्नेगरी कार्यतालिकासमेत निर्माण गरिएको छ। उनीहरू काम बाँडेर गर्छन्। पानी भर्ने, पानी हाल्ने, तरकारी बेच्ने, रेखदेख गर्ने काम पालैपालो गर्छन्। सामूहिक खेतीमा लागेका महिला किसान सामूहिक आम्दानी लिन पाएकामा र सामूहिक भावनाको विकास भएकामा खुसी छन्। उत्तिकै उत्साहित पनि छन्।

## क्षेत्रीय भूमि शिविर

सप्तरी, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा बरही वीरपुरमा क्षेत्रीय भूमि शिविर प्रशिक्षण भयो। मंसिर १४ गते आयोजना भएको भूमि शिविरमा छिन्नमस्ता, कोचाबखारी, बरही वीरपुर, रम्पुरा, सखडालगायत् गाउँ भूमि अधिकार मञ्चका ७० अगुवा सहभागी थिए। शिविरमा भूमि अधिकार मञ्चले सञ्चालन गरिरहेको अभियानहरूको समीक्षा गरियो।

अगुवाहरूलाई अभियानमा सक्रियतापूर्वक भूमिका खेल्न र अभियान सफल बनाउनका लागि भूमि अधिकार मञ्चको नालीबेली, अभियानको औचित्य, अभियानका अगुवाको भूमिका, आन्दोलन कोष सङ्कलनका विधिहरू जस्ता विषयमा सहजीकरण भयो।

## श्रम शिविरबाट आन्दोलन कोष

दाङ, जिल्ला भूमि अधिकार मञ्च तथा गाउँ भूमि अधिकार मञ्चका अगुवाहरूले भूमि अधिकार आन्दोलनका लागि आन्दोलन कोष खडा गर्नका लागि श्रम शिविर गरेका छन् । घोराही नगरपालिका वडा–४ स्थित घर्ती गाउँ भूमि अधिकार मञ्चका ३७ सदस्यले श्रम शिविरमार्फत एक दिन धान काट्न गई आफ्नो सङ्गठनमा आन्दोलन कोष सङ्कलन गरेका छन् । उनीहरूले एक दिन काटेको धानबाट प्राप्त आम्दानी तीन हजार रूपियाँ आन्दोलन कोषका रूपमा जम्मा गरेका छन् । उनीहरूले श्रम शिविरबाट प्राप्त रकमका आधा हिस्सा रकम जिल्ला मञ्चलाई आन्दोलन कोषका लागि समेत सहयोग गरेका छन् ।

गङ्गापरस्पुर–८ बाँकीगाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ८ महिला किसानले ८ कठ्ठा ऐलानी जग्गामा गरेको सामूहिक खेतीबाट उत्पादन भएको धान ४५० किलोको ७ हजार २ सय र बदाम खेतीबाट ४० किलोको ६ हजार गरी १३ हजार २ सय गाउँ भूमि अधिकार मञ्चको आन्दोलन कोषमा सङ्कलन गरिएको छ ।

त्यस्तै सिसहनियाँ– ९ भगवानपुर गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित २५ सदस्य किसानले नदी उकास ऐलानी जग्गामा गरेको सामूहिक खेतीबाट उत्पादन भएको धान १८ क्वीन्टलको बिक्रीबाट ३३ हजार ९ सय २४ रूपियाँ र बदाम १ क्वीन्टलको बिक्रीबाट प्राप्त १४ हजार गरी जम्मा भएको ४७ हजार ९ सय २४ रूपियाँ गाउँ भूमि अधिकार मञ्चको आन्दोलन कोषमा सङ्कलन गरिएको छ ।

## खबरदारी र्‍याली

धनुषा, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा 'दिएको वाचा पूरा गर, घोषणापत्र कार्यान्वयन गर' भन्ने नाराको साथ संविधानमा भूमि अधिकार र्‍याली भयो । खबरदारी र्‍यालीमा चुरे पीडित, सुकुम्बासी र गुठीपीडित किसानको सहभागिता थियो । २०७० कात्तिक २१ गते ढल्केवर चोकदेखि इलाका नगर परिसरसम्म कृषि औजारसहित र्‍याली गरी कोणसभा गरियो ।

भूमि अधिकारबाट वञ्चितहरूले चुनावको बेलामा मात्र भूमि सुधारको कुरा उठाउने गरेकाले सबै राजनीतिक दलहरूको घोषणापत्रमा उल्लेख भएअनुसार भूमि सुधारका मुद्दाहरू कार्यान्वयन हुनुपर्ने माग राखेका छन् । र्‍यालीमा ४ सय ५० भूमि अधिकारबाट वञ्चितको सहभागिता थियो ।

## आधारपत्र प्राप्त भयो

रौतहट, रङ्गपुर गाविसका ऐलानी जग्गामा बसोबास तथा खेती गर्दै आएका २ सय ४५ परिवार भूमि अधिकारबाट वञ्चितले गाविस कार्यालयबाट बसोबास तथा जोतभोगको आधारपत्र प्राप्त गरेका छन् ।

२०२८ सालदेखि ऐलानी जग्गामा बसोबास गर्दै आएका भूमिहीनलाई विभिन्न बहानामा स्कुललगायत् गाउँका हुनेखाने जमिनदारले जग्गा हडप्ने प्रयास गरेका थिए । गाविसका भूमिहीनहरू गाउँ मञ्चमा सङ्गठित भई ३ सय ९७ जनाले आधारपत्रका लागि निवदेन पेश गरेका थिए । गाविसले उनीहरूलाई परिचयपत्र दिन आलटाल गरेपछि उनीहरूले गाविस कार्यालयमा दुईदिने धर्ना दिएका थिए त्यसपछि उनीहरूलाई बल्ल गाविसले आधार प्रमाणपत्र प्रदान गरेको छ ।



त्यस्तै, जिल्ला भूमि अधिकार मञ्च महोत्तरीको पहलमा गौरीबास-५ का १ सय १५ परिवारले बसोबासको आधार प्रमाणपत्र पाएका छन् । महोत्तरीकै किसाननगर-९ चारघरेका २८ सुकुम्बासी परिवारले पनि गाविसको कार्यालयबाट बसोबासको आधार प्रमाणपत्र प्राप्त गरेका छन् । उनीहरूले एक औपचारीक कार्यक्रमको अवसरमा नवनिर्वाचित संविधान सभा सदस्य गिरीराजमणि पोखरेल र गाविस सचिव चन्द्रप्रसाद अधिकारीको हातबाट आधार प्रमाणपत्र लिएका छन् ।

# ४० जोडी सम्मानित




नुवाकोट, जिल्ला भूमि अधिकार मञ्चले भूमिमा महिलाको स्वामित्व बढाउनका लागि गरेको अभियानमा सङ्गठित भई संयुक्त पुर्जा अभियानमार्फत् संयुक्त पुर्जा निर्माण गर्ने ४० जोडी किसानलाई सम्मान गरेको छ। नुवाकोटको विदुरमा आयोजित जोडी अभिनन्दन कार्यक्रममा उनीहरूलाई मञ्चले सम्मान गरेको हो। उनीहरूलाई मालपोत कार्यालयका प्रमुख पृथबहादुर केसी, नेपाल पत्रकार महासङ्घ नुवाकोटका अध्यक्ष राजुमित्र खनाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र स्रोत केन्द्र–५ का क्षेत्रीय कार्यक्रम अधिकृत कल्पना कार्की र जिल्ला भूमि अधिकार मञ्च नुवाकोटका अध्यक्ष चुडामणि गजुरेलले संयुक्तरूपमा दोसल्ला ओडाएर प्रशंसापत्र प्रदान गरी सम्मान गरेका थिए।

भूमिमा महिला र पुरुषको समान हक कायम गराउने अभियानमा सङ्गठित भई उनीहरूले हक बराबर गराएकाले त्यस कार्यको प्रशंसास्वरूप सम्मान गरिएको हो। जिल्लाका ४० जोडीले यसअघि संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला र पुरुषको बराबर हक कायम गराएका थिए।

## उमेदवारसँग लिइयो प्रतिबद्धता

सिन्धुपाल्चोक, जिल्ला भूमि अधिकार मञ्चले दोस्रो संविधान सभा निर्वाचनको अवसरमा जिल्लाबाट संविधान सभामा प्रतिनिधित्वका लागि उमेदवारी दिएका दलका उमेदवारहरूसँग भूमि सुधारका लागि प्रतिबद्धता लिएको छ।

जिल्लाको ३ वटै निर्वाचन क्षेत्रका प्रत्यक्षतर्फका १४ उमेदवारले जिल्लामा रहेको भूमि समस्याको समाधान र समग्र भूमि सुधार गर्नका लागि आफू र आफ्नो पार्टी भूमि सुधारका लागि प्रतिबद्ध रहने भन्दै प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्। साथै उनीहरूलाई जिल्लामा रहेको भूमिसँग सम्बन्धित गुठी, मोहियानी, भूमिमा महिलाको स्वामित्व, बेदर्तावाल मोही आदिका अधिकारको विषयमा तयार पारिएको १० बुँदे मागपत्रसमेत पेश गरियो।

## अगुवा प्रशिक्षण शिविर

पाल्पा, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा कात्तिक ६ र ७ मा अगुवा प्रशिक्षण शिविर भयो। भूमि अधिकार आन्दोलनको गतिविधिको समीक्षा गरी सङ्गठन निर्माण र परिचालन, संविधानमा भूमि सुधारको मुद्दाका लागि कसरी उमेदवारहरूसँग सम्वाद गर्ने, भू–उपयोग नीति कार्यान्वयन कसरी गर्ने, छुट जग्गा दर्ताका लागि निवेदन सङ्कलन कसरी गर्ने, स्थानीय स्रोतहरूमा दाबी कसरी गर्ने जस्ता विषयमा अगुवामाझ सहजीकरण भयो।

शिविरमा तेल्घा, चिर्तुङ्धारा गाविस र तानसेन नगरपालिकाका गरी १२ गाउँ भूमि अधिकार मञ्चका २० महिलासहित ३८ अगुवा सहभागी थिए।

## अन्तर्क्रिया भयो

कैलाली, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा जिविस सभा कक्षमा मंसिर २६ मा सुकुम्बासीको समस्या समाधान गर्ने विषयमा अर्न्तक्रिया भयो। छलफलमा कैलालीमा ५१ हजार २ सय ५२ परिवार ऐलानी जग्गामा बसोबास गर्दै आएका, २ हजार ४ सय ८३ परिवारसँग कुनै पनि जमिनको स्वामित्व नभएको र १ हजार १ सय ५५ परिवार अरुको जग्गामा बसिरहेको अवस्थाको तथ्याङ्क सार्वजनिक गरियो।

कार्यक्रममा भूमि अधिकारबाट वञ्चितहरूले ऐलानी जग्गामा बसेकालाई सोही ठाउँको पुर्जा दिन माग राखेका छन् भने सुकुम्बासीहरूलाई सुरक्षित बास र गरिखाने उचित जमिन दिनुपर्ने माग राखे। साथै बाढी, नदीकटान र डुवानका कारण वर्षेनी ३० हजारभन्दा बढी परिवार प्रभावित भइरहेकाले नदी नियन्त्रण र विस्थापितहरूको पुर्नःस्थापनामा सरकारले उचित ध्यान दिन माग राखेका छन्।

जग्गाको लालपुर्जा वितरण गर्दा महिला र पुरुषको नाममा संयुक्त स्वामित्व हुने गरी वितरण गर्नुपर्ने, भूमिमा महिलाको स्वामित्व बढाउनको लागि संयुक्त पुर्जा बनाउनलाई सबैले सहयोग गर्नुपर्ने विषयमा छलफल भयो।

अन्तर्क्रियामा नेपाली काँग्रेसका सभासद् दीर्घराज भाट र जिल्लाका अन्य सरोकारवाला निकायका प्रतिनिधि र भूमि अधिकारबाट वञ्चितहरूको उपस्थिति रहेको थियो। भूमि अधिकार मञ्चले उठाएको माग प्रति आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने सभासद्हरूले लिखित प्रतिबद्धता जनाएका छन।

## अगुवा प्रशिक्षण तालीम

ओखलढुङ्गा, स्रोत केन्द्र– ९ का रामेछाप, ओखलढुङ्गा र खोटाङ जिल्ला भूमि अधिकार मञ्चका अगुवाहरूलाई अगुवा प्रशिक्षण तालीम भयो। प्रशिक्षणमा हाल सम्म जिल्ला मञ्चले गरेको कामको समीक्षा गरी सिकाई आदान–प्रदान गरियो।

सोही अवसरमा तीनै जिल्ला मञ्चको पाँच वर्षे रणनीतिक योजना समेत तयार पारियो। त्यस्तै मञ्चले सञ्चालन गरिरहेका अभियान भूमि तथा कृषि अधिकार अभियानलाई बलियो बनाउन, गाउँ मञ्चहरूलाई क्रियाशिल बनाउने र सशक्त सङ्गठन बनाउन अगुवाको के के भूमिका हुनुपर्छ भन्ने विषयमा छलफल भयो। साथै अगुवालाई मञ्चको अभियानको विषयमा तयार पारिएको भिडियो डकुमेन्ट्री समेत देखाइयो। तालीम पछि संयुक्त पुर्जा अभियान, सङ्गठन सुदृढिकरण गर्ने अभियानको योजना समेत तयार पारिएको छ।

## भूमि अधिकार सभा भयो

महोत्तरी, जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा २०७० कात्तिक २७ गते बर्दिबासमा भूमि अधिकार तथा प्रतिबद्धता सभा भयो। कार्यक्रममा विभिन्न राजनीतिक दलका उमेदवारलाई एकै ठाउँमा भेला गरी भूमि सुधारको पक्षमा उनीहरूको प्रतिबद्धता लिइएको छ। उपस्थित दलका नेताहरूले भूमिहीन सुकुम्बासीका मुद्दालाई नयाँ बन्ने संविधानमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।




सभाको अवसरमा भूमि अधिकार मञ्चको झण्डा, ब्यानरसहित कृषि औजार लिई र्‍यालीसमेत गरियो। सभामा सहभागी विभिन्न राजनीतिक दलका नेताहरूले भूमि अधिकार मञ्चले उठाएको भूमि सुधारको मुद्दामा सहमति जनाउँदै हस्ताक्षर गरेका छन्।

# क्षतिपूर्ति माग गर्दै प्रशासनमा उजुरी



सिरहा, हरूवा चरुवा अधिकार मञ्चको अगुवाईमा अहिलेसम्म बँधुवा बसेको समयसम्मको उचित क्षतिपूर्ति दिलाई उनीहरूको ऋण मिनाहा गरी सबै हरूवा चरुवालाई मुक्त गर्न मार्ग गर्दै जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी पेश गरियो । जिल्लाको विभिन्न गाविसमा बसोबास गर्ने हरूवा चरुवाको सहभागितामा हरूवा चरुवा अधिकार मञ्चका अध्यक्ष उचितलाल रामको नेतृत्वमा २३ जना हरूवा चरुवाको क्षतिपूर्ति माग गर्दै उजुरी पेश गरिएको छ । मञ्चले हरूवा चरुवाको ऋण मिनाहा, उनीहरू बसोबास गरिरहेका जग्गा दर्ता गरी, उनीहरूलाई वैकल्पिक रोजगारीको व्यवस्था गर्न, उनीहरूका बालबालिकालाई उचित शिक्षादीक्षाको माग गरेको छ ।

# वकालतीय सीप बढ्यो

भूमि अधिकारको मुद्दामा जसको बढी चासो छ, ऊ कमजोर रहेछ । शक्ति हुनेहरू कि विरोधी छन् कि कम चासो भएका । अनि कसरी अभियान सफल हुनु ? शक्ति विश्लेषणको अभ्यास गरिसकेपछि



वकालतीय सीप अभिवृद्धि तालिमका सहभागी छर्लङ्ग भएका थिए । अभियान गर्दा कुन–कुन शक्तिसँग सहकार्य गर्ने ? कुन शक्तिलाई छोड्ने ? कसको क्षमता अभिवृद्धि गर्ने ? आदि विषयमा पनि तालिममा छलफल भएको थियो । भूमि अधिकारबाट वञ्चितको शक्ति अभिवृद्धि गरेरमात्र अभियान जितिँदैन । विरोधीको शक्ति पनि कमजोर बनाउनुपर्छ । यो छलफलमा सबभन्दा बढी सक्रिय थिए- सङ्गठनका अगुवा ।

सामाजिक विकास अनुसन्धान केन्द्र, जिल्ला भूमि अधिकार मञ्च बर्दिया, बाँके र सुर्खेतको आयोजनामा भएको वकालतीय सीप तालिम पुसको २८ देखि मङ्सिरको २ गतेसम्म बर्दियाको डल्लास्थित होमस्टेमा सञ्चालन भएको थियो । तालिममा ३० सहभागी थिए । गत कात्तिकमा चितवनको ठिमुरामा भएको तालिमका सहभागी लालमणि भण्डारी, पूर्ण सुनार र ललिता पुरीले तालिम सहजीकरण गरेका थिए । उनीहरूलाई सघाएका थिए आत्मनिर्भर केन्द्रका जगत देउजाले ।

तालिमसँगै मोही र उठिबासको सवालमा रणनीतिपत्रको मस्यौदा तयार भएको छ । उक्त रणनीतिको अन्तिमीकरण गरी माघ १६ गतेबाट मोही अधिकार अभियान र फागुन १ बाट सुरक्षित आवास अधिकार अभियान औपचारिक सुरूवात गर्ने र २ वर्षभित्र दुवै अभियान सफल बनाउने लक्ष्य लिइएको छ । तालिमबाट सन्देश निर्माण, ट्याक्टिस, रणनीति निर्माण आदि सीप पनि थपिएको छ ।

## सामूहिक च्याउ खेती

सर्लाहीको परवानीपुर-९ को तीनतले गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४६ परिवारले सामूहिकरूपमा च्याउ खेती व्यवसाय सुरु गरेका छन् । चुरे क्षेत्रको सुख्खा पाखा र ओसिलो बगरको छेउमा रहेको सङ्गठनका सदस्यले आन्दोलन कोष बढाउन र सदस्यहरूको जीविकामा सुधार ल्याउने उद्देश्यले च्याउ खेती सुरु गरेको बताए । सङ्गठनका सदस्यहरू मिली तिहारको अवसरमा देउसीभैलो कार्यक्रम गरी त्यसबाट सङ्कलन भएको १६ हजार रूपियाँले घर निर्माण गरी च्याउ खेती सुरु गरेका छन् । उनीहरूले २० प्याकेट च्याउको बीउ खरिद गरी व्यवसाय सुरु गरेका थिए । त्यसबाट हाल प्रतिव्यक्ति दैनिक २ केजी च्याउ उत्पादन गरी बिक्री गर्न थालेका छन् ।

## भू–उपयोग नीतिमा छलफल



जिल्ला भूमि अधिकार मञ्चले ललितपुरको लेलेमा भू–उपयोग नीतिमा समेटिएको विषयवस्तुमाथि छलफल गरेको छ । छलफलको क्रममा गाविसको नौ वटै वडाको स्रोत नक्सा, विगत ३० वर्ष अगाडिको र हालको अवस्था र अबको २० वर्ष पछिको अवस्थाबारे विश्लेषण गरी चार्ट तयार पारियो । लेले गाविस कार्यालयमा भू–उपयोग नीति कार्यान्वयन समितका सदस्य तथा नापी विभागका वरिष्ठ नापी विभाग अधिकृत गणेश भट्टले नेपाल सरकारले ल्याएको भू–उपयोग नीतिको बारेमा अभिमुखीकरण गर्नुभयो । छलफलमा गाविसका २० महिलासहित ४२ किसानको सहभागिता थियो ।

## सहकारी लेखा ब्यबस्थापन तालिम

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकको पहलमा गठन भएको चार सहकारी संस्थाका चार लेखा ब्यबस्थापकलाई पाँच दिने सहकारी लेखा व्यवस्थापन तालिम भयो ।

सहकारी डिभिजन कार्यालय धुलीखेलले उनीहरुलाई तालिम प्रदान गरेको हो । याङरीमा कृषि सहकारी संस्था हेलम्बु, फट्कशिला कृषि सहकारी संस्था फट्कशिला, ईन्द्रवती एकिकृत कृषि सहकारी संस्था बाँडेगाउँ र गुन्द्रुक गाउँ कृषि सहकारी संस्था राम्चेका १/१ जना लेखा व्यवस्थापकलाई तालिम दिइएको छ ।

## स्थानीय श्रोतको उपयोग

जिल्ला भूमि अधिकार मञ्च सुनसरी र लुमन्ती संस्था इटहरीबीच सम्झौता भई भूमिघरमा धारा तथा ट्वाइलेट निर्माण कार्य सुरु भएको छ । मञ्चले लुमन्तीको सहयोगमा ट्वाइलेट तथा खानेपानीको धारा निर्माणका लागि रू. १ लाख ७० हजारको सहयोग लिएको छ । उक्त रकमबाट २ वटा ट्वाइलेट र ३ वटा धारा निर्माण हुने छ ।

उक्त ट्वाइलेट र धारा निर्माणका लागि कुल बजेटको दस प्रतिशत रकम मञ्चका सदस्यले आन्दोलन कोषमार्फत् संकलन गरी निर्माण कार्य सुरु गरेका छन् ।

## गाउँ गाउँमा भित्ते लेखन

जिल्ला भूमि अधिकार मञ्च बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाले संविधानसभालाई लक्षित गरी भूमि अधिकारका मुद्दाहरुलाई उठाउनका लागि जिल्लाको विभिन्न चोक चोक तथा गाउँ गाउँमा भित्ते लेखन गरेको छ ।

बाराको डुमरवाना, अमलेखगञ्ज, निजगढ, रतनपुरी र सिमरा गाविस, गौतहटको चन्द्रनिगाहपुर, रंगपुर र सिमरा भवानीपुर गाविस, सर्लाहीको हरिवन, परवानीपुर, कालिन्जोर, जानकीनगर, कर्मैया, राजघाट र पीडारी गाविस, महोत्तरीको बर्दिबास, किसाननगर, गौरीबास, लक्ष्मिनियाँ र खयरमारा गाविस र धनुषाको बेङ्गाडाबर, यज्ञभूमि र ढल्केवर गाविसमा भूमि अधिकार सम्बन्धी माग राखी भित्ते लेखन गरि यो ।

भित्ते लेखन विशेषतः संविधान सभाको निर्वाचनको अवसरमा गाउँ गाउँमा आउने राजनीतिक दलका नेता तथा उम्मेदवार हरुले सहजै देखून् र भूमि अधिकारको मुद्दा सम्झिउन् भन्ने उद्देश्यले अभियानकै रुपमा लेखन कार्य गरियो ।

# राईभुमा-सम्पत्तिको हक राखौं दुई जना

*खेतीपाती, बाँच्ने मेलो भूमि जोगाइ राख*
*महिला पुरूष संयुक्त पुर्जा, समान छ है हक*

डडेल्धुरा जोगबुढा गाविसको कुर्मुले गाउँमा आयोजित संयुक्त पुर्जा वितरण कार्यक्रममा विद्यार्थी भाइबहिनीले देउडा भाकामा मीठो गीत गाए । बल्लतल्ल गाडी पुग्ने भए पनि जोगबुढाको मुख्य बजारबाट हिँडेर भण्डै ३ घण्टाको दूरीमा रहेको यस गाउँमा सिद्धनाथ सहकारीको



आँगनमा भएको कार्यक्रममा विद्यालयका शिक्षक, राजनीतिक अगुवा, विद्यार्थी र किसान सहभागी थिए ।

सिद्धनाथ सहकारीका पदाधिकारी, भूमि अधिकार मञ्चका कार्यकर्ता, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलगायत्को प्रयासमा उक्त गाउँका ३६ जोडीले पहिलो पटक संयुक्त पुर्जा बनाएका थिए । सदरमुकाम नै गएर पुर्जा बनाउने समेत गाविसका ५५ जोडीले संयुक्त पुर्जा बनाइसकेका छन् । यस कार्यमा अक्सफामले सहयोग गरेको छ ।

त्यस भेगबाट सदरमुकाम टाढा भएकाले जिल्ला मालपोत कार्यालयबाट कर्मचारी गएर गाउँमै सनाखत गर्ने मेसो मिलाइएको थियो । यसरी तयार पारिएको पुर्जा वितरण गर्न पुगेका थिए भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देशक तेजराज पाण्डे । डडेल्धुरा जन्म घर भएका पाण्डे ३५ वर्षपछि उक्त भेग पुगेका थिए ।

पुर्जा वितरण समारोहको माहोल रमाइलो थियो । युवा उमेरका देखि सत्तरी हाराहारीका जोडीसमेतले संयुक्त पुर्जा बनाएका थिए । जिन्दगीभर खेती गरेको जमिनको निस्सा जग्गाधनी पुर्जामा श्रीमान् श्रीमती दुवैको फोटो टाँसिएको थियो ।

पुर्जा लिन मञ्चमा डाक्दा दुवैको चेहरामा केही खुसी र अलिअलि लाज मिसिएको देखिन्थ्यो । सिन्दुर र माला लगाएपछि दुवैले पुर्जा देखाएर अरूलाई पनि पुर्जा बनाउन प्रेरित गरेका थिए । कार्यक्रममा सहभागी केहीले यस्तो कार्यबाट खुसी भएर मञ्चमै त्यस्ता जोडीलाई नगद दिएका थिए ।

हरिया फाँटको सिरानमा रहेको सहकारी घरको आँगनमा धेरै महिला जम्मा थिए तर उनीहरूले संयुक्त पुर्जा चाहेर पनि बनाउन पाएका थिएनन् । कारण अधिकांशका श्रीमान् कामको खोजीमा विदेशिएका थिए । खेतीपातीको काम सकिएकाले मङ्सिर १५ पछि धेरै परिवारका पुरूष सदस्य बाहिरिसकेका थिए । उनीहरूले भनेका छन्- हामी पनि मौका मिल्नासाथ पुर्जा बनाउँछौं । कार्यक्रममा साह्रै हौसिएका लालबहादुर दमाईले भने- श्रीमान् श्रीमती कोही होचा, कोही अग्ला । कोही मोटा, कोही दुब्ला थिए तर आज भने सबैको जोडा मिलायो संयुक्त पुर्जाले । अर्थात् दुवै बराबर ।

भित्री मधेस र चुरेले घेरिएको जोगबुढालाई रङ्गुन र कुन्तुरा नदीले वर्षाभर दुःख दिन्छ । जिल्लाकै ठूलो गाविसमा भूमिसम्बन्धी अनेकन् समस्या छन् । ऐलानी जग्गामा बस्नेहरूको जग्गा दर्ता भएको छैन । त्रिपल आरले गाउँमा बाटो बनायो । जग्गा दर्ता हुनेले मुआब्जा पाए । ऐलानीमा हुनेले पाएनन् । काटियो ऐलानी धेरै । गाउँलले जग्गा दर्ता नहुँदाको बेफाइदा सुनाए । भन्दै थिए- दलितलाई माटोमा पनि भेदभाव हुँदोरहेछ । आखिर दर्ता भए पनि नभए पनि फल्ने त उही हो, सरकार आफैँ दर्ता गरिदिँदैन, अनि उही दर्ता नभएको भनेर मुआब्जा दिँदैन । उनीहरूले सायद यी कुरा भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देशकलाई सुनाएका थिए ।

यो भेगमा २०३८, ३९ सालमा नापी भएको थियो तर अझै पुर्जा वितरण गरिएको छैन । सदरमुकाम टाढा भएकाले अंशबन्डाको काम पनि थाँती नै छ । सबै समस्या सुनिसकेपछि महानिर्देशकले समस्या समाधानका लागि प्रयास गर्ने वचन दिए । संयुक्त पुर्जा बनाएका एक जोडीले गाएको गीत- *विवाह हाम्रो भएको थियो बालक कालैमा, साँच्चैको हक मिल्यो हजुर सत्तरी सालैमा ।*

## देउवालाई भूमि सुधार पत्र

कैलाली क्षेत्र नं. ६ बाट संविधान सभा सदस्यमा निर्वाचित सभासद् शेरबहादुर देउवालाई बधाईसहित भूमि सुधार गर्न मागपत्र बुझाइयो । पत्रमा बाढीपीडितहरूको पुनर्स्थापना, स्थायी सुकुम्बासी आयोग गठन, स्थानीय निकायको १५ प्रतिशत बजेट कृषिमा मात्र लगानी गर्ने कानुनी व्यवस्था, उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको प्रतिवेदन कार्यान्वयन र विकल्पबिना सुकुम्बासीहरूलाई बसिरहेको ठाउँबाट हटाउन नपाइने गरी व्यवस्था अब बन्ने संविधानमा नै लेखिनुपर्ने माग गरिएको छ । भूमि सुधार पत्र बुझ्दै देउवाले भूमिहीनहरूको पक्षमा संविधान ल्याउनका लागि आफूले सक्दो प्रयास गर्ने बताउनुभएको छ ।

# शान्ति गाउँ भूमि अधिकार मञ्च

सप्तरी जिल्लाको दोलतपुर गाविस–९ मा रहेको दलित बस्तीमा २०६४ मा उठिबासको घटना हुन थालेपछि बस्ती नउठाउन दबाब दिँदै शान्ति गाउँ भूमि अधिकार मञ्च गठन भयो । त्यतिबेला हरि पासवानको नेतृत्वमा ९ सदस्य रहेको गाउँ भूमि अधिकार मञ्चमा हाल १५० घरपरिवार सङ्गठित छन् । मञ्च गठन भएपछि सङ्गठितरूपमा आन्दोलन गर्ने, जिल्ला भूमि अधिकार मञ्चको सहयोग लिने गरेपछि उठिबास हुनबाट रोकियो ।

यो बस्तीमा राणा शासनकालमै काठमाडौं बस्ने अच्युतविक्रम राणा, राजराजेश्वरी राणालगायत्ले आफ्नो खेतबारीमा काम गराउनका लागि खेतालाका रूपमा काम गर्नेहरूलाई यहाँ बसोबास गराएका थिए । तर पछि २०२१ सालमा भूमि ऐन लागु भएपछि राणाहरूले जग्गाको मालपोत तिर्नबाट बच्न यो ठाउँको जग्गा नापनक्सा गरी ब्लकमा राखेका थिए । यो ठाउँमा अहिले पनि १२ परिवार दलित समुदाय बसोबास गर्दै आएका छन् भने उनीहरूले ४ देखि ५ धुरसम्म जग्गा ओगटेका छन् ।

यो सङ्गठनमा २०६५ सालमा भूमि सिकाई केन्द्र सञ्चालन भयो । भूमि सिकाई केन्द्रमार्फत् सामाजिक नक्सा, स्रोत नक्सा तयार पारी भूमिहीनका सवालमा नियमितरूपमा छलफल गर्न थालियो । सङ्गठित भएका भूमिहीन नियमितरूपमा बैठकमा सहभागी हुने, आफ्नो सवालबारे छलफल गर्ने, गाउँ, गाविस, जिल्ला, क्षेत्रीय तह हुँदै राष्ट्रिय तहमा समेत साना तथा ठूला अभियान तथा आन्दोलनका कार्यक्रमहरूमा सङ्गठनका अगुवा सहभागी हुने गरेका छन् । समुदायमा भूमि सिकाई केन्द्रमार्फत् छलफल गर्दा निस्केका सवाल ज्याला वृद्धि, छुवाछुत, हरूवाचरुवाको समस्या, भूमिमा महिलाको अधिकार, सुकुम्बासी बस्तीको संरक्षणमा छलफल गरी त्यसको समाधानका लागि नियमित अभियान तथा आन्दोलन भइरहेका छन् । यसबाट विगतदेखि नै कायम रहेको दैनिक काम गरेवापतको ५ केजी अन्न दिने ज्याला बढेर १० केजीसम्म पुगेको छ ।

सङ्गठनमा मासिकरूपमा नियमित बैठकको प्रति एक सदस्य १० रूपियाँ आन्दोलन कोष पनि सङ्कलन गरिन्छ । हाल सङ्गठनमा ८,००० आन्दोलन कोष सङ्कलन भइसकेको छ । दुई वर्षपहिले यहाँका एक जमिनदारले पैसाको लोभ देखाई गाविस सचिवलाई १० घरपरिवार चमार बस्ती उठाउन प्रयास गरेपछि मञ्चले गाविस कार्यालयमा दुई दिनसम्म घेराउ गरेर बस्ती जोगाएको छ । यसपछि गाउँका मानिसलाई सङ्गठनप्रति अझ विश्वास बढेको छ भने सङ्गठनको आवश्यकता झन् महसुस गरेका छन् । सङ्गठनकै बलमा २०६७ मा बलान खोलाको नदी उकास २२ बिघा १० कट्ठा जग्गा १५० परिवारलाई वितरण गरियो, यसमा अहिले उनीहरूले खेती गरिरहेका छन् । सङ्गठनले स्थानीय स्रोतमा दाबी गरेपछि गाविसको कार्यालयबाट कृषि कार्यका लागि ५० हजार र बाटो तथा कलभर्टका लागि २ लाख ५० हजार रुपियाँ लिनसमेत सफलता मिलेको छ ।

# कुशेडाँडा गाउँ भूमि अधिकार मञ्च

बाँके जिल्लाको नौबस्तामा २०५८ सालमा गठन भएको कुशेडाँडा गाउँ भूमि अधिकार मञ्चमा ६३ परिवार भूमिहीन सुकुम्बासी दलित सङ्गठित छन् । पुस्तौंदेखि आफ्नो नाममा एक कट्ठा जमिन पनि नभएका उनीहरू यस ठाउँमा दुई पुस्ता पहिलेदेखि बस्दै आएका छन् । अरुकोमा ज्याला मजदुरी गरी जीविका चलाइरहेका परिवार भूमि अधिकार अभियानमा सङ्गठित भएका छन् । मञ्चमा महिला ३३ र पुरूष ३० जना सदस्य छन् ।

मञ्च गठन भएयता जिल्ला भूमि अधिकार मञ्च बाँकेसँगै आन्दोलनमा सहभागी हुँदै सुकुम्बासी परिवारको लागि सुरक्षित बासस्थानको माग गरिरहेका छन् । सबै परिवारका लागि बस्न पुग्ने सुरक्षित आवासका लागि जग्गा, जीविका चलाउन खेतीपातीका लागि उपयुक्त जग्गाको माग पनि उनीहरूले राखेका छन् । साथै उचित रोजगारीको व्यवस्था हुनुपर्छ, बसिरहेको ठाउँबाट कसैलाई बेदखली गर्न पाइन्न भन्ने जस्ता माग पनि उनीहरूले स्थानीय प्रशासनसँग राख्दै आइररहेका छन् । सामुदायिक वनको छेउमा झुपडी बनाई बसेका सुकुम्बासी दलित परिवारलाई बेलाबेलामा स्थानीय प्रशासनले बेदखली गर्न खोजिरहने, बस्तीमा आई दुःख दिइरहने हुँदा भूमि अधिकार मञ्चमार्फत सङ्गठित भई आन्दोलन अगाडि बढिरहेको छ । बस्तीका सबै परिवार सङ्गठित भई आन्दोलन गर्न थालेपछि भने पछिल्लो समयमा बेदखल हुने सम्भावना टरेको र अब हुन पनि नसक्ने विश्वास उनीहरूको छ ।

सङ्गठनमा अध्यक्ष गोविन्द जैसी, अगुवाहरू आरती विक र गंगनसिंह सुनार सक्रियरूपमा जिल्लादेखि राष्ट्रिय स्तरसम्मका आन्दोलनहरूमा सक्रियरूपमा सहभागी हुँदै आएका छन् भने आफ्नो बस्तीको पीडा पनि सबैलाई सुनाई सहयोग गर्न आग्रह गर्छन् । बस्ती संरक्षणका लागि आन्दोलन गर्दा एक पटक सङ्गठनका अध्यक्ष गोविन्द जैसीलाई स्थानीय प्रशासनले चौकीमा लगी थुन्नेसमेत हर्कत गरेको थियो । भूमि अधिकार मञ्चमा सङ्गठित भएकाहरू बसेको जग्गा ऐलानी हो । यहाँ उनीहरू बस्न थालेको २ पुस्ता नै भइसक्यो । सङ्गठनमा नियमित बैठक बस्ने, छलफल गर्ने, बेदखली हुन नदिने, कसैले बेदखली गर्न खोजे डटेर प्रतिकारमा उत्रने गर्छन् । सङ्गठनका सबै सदस्यले सदस्यता लिएका छन् भने सबैले नवीकरण पनि गरेका छन् ।

# पाठक प्रतिक्रिया

## शान्ताबाट पाठ सिक्नुपर्छ

विश्वास नेपालीले लेखेको अकल्पनीय जीवन कहानी नामक पुस्तक समीक्षा असाध्यै मार्मिक लाग्यो । १८ वर्षसम्म कमलरी जीवन व्यतीत गर्न बाध्य कमलरी सभासद् बनेको कुरा वास्तवमा अकल्पनीय छ । यसलाई पढेरमात्र हुँदैन शान्ता चौधरीले जीवनमा भोगेको पीडा, उनले गरेको सङ्घर्ष र त्यही सङ्घर्षले उनको जीवनले पाएको सफलताको इतिहास सम्पूर्ण भूमि अधिकारबाट वञ्चितहरूको विजयको कथा हो । जुन व्यक्तिलाई पीडाले पोलेको छ । उसमा चाहना र इच्छा जन्मनुपर्छ । जसले अन्य धेरै शान्ताको जन्म हुन्छ । हामी चाहन्छौं भूमि अधिकार बुलेटिनले यस्तै सफल व्यक्तिहरूको जीवनीलाई पनि प्राथमिकता देओस् ।

*– बलबहादुर सुनुवार (किराँती)*
*यज्ञभूमि-८, धनुषा*

## दलहरूको घोषणापत्र

गत अङ्कको बुलेटिनमा छापिएका दलहरूको चुनावी घोषणापत्रमा लेखिएको भूमि सुधारको मुद्दा ज्यादै राम्रा छन् । वास्तवमै त्यति मुद्दामा मात्र दलहरू केन्द्रित भई भूमि सुधारका लागि प्रतिबद्ध हुने हो भने पनि भूमि अधिकारबाट वञ्चितहरूको जीवनमा परिवर्तन आउँछ । यहाँ त चुनावको बेलामा ठूला–ठूला मुद्दा उठाउनका लागि दलहरू प्रतिस्पर्धा गर्छन् तर काम गर्ने बेलामा माखो मार्दैनन् । अनि भूमि सुधार हुने कुरामा अझै शङ्का छ । तर अब यो पटक भएको संविधान सभाको चुनावले चाहिँ साँच्चै देशलाई निकास दिने भूमिहीनमुखी भूमि सुधारसहितको संविधान दिनेछ भन्ने कामना छ ।

*–रामनारायण सदाय*
*सिरहा*

## ज्ञान बढाउने सामग्री

भूमि अधिकार अभियानसम्बन्धी सचेतना जगाउने बुलेटिन पढ्न पाउँदा धैरे खुसी लाग्छ । भूमि अधिकार सम्बन्धी सबै जिल्लाको गतिविधि तथा यसबाट आएको परिवर्तनबारे आफू पनि पढ्न र सङ्गठनका अन्य अगुवा तथा किसानलाई पनि आदान–प्रदान गर्नका लागि महत्वपूर्ण सामग्री बनेको छ । यसले अभियानलाई अझ बलियोसँग अघि बढाउन मद्दत पुगेको छ ।

बुलेटिनमा छापिएको दलहरूको घोषणापत्रमा भूमि मुद्दाको बारेमा अगुवा तथा किसानबीच छलफल चलाउँदा संविधान सभाका उमेदवारहरूसँग चुनावी अभियानका क्रममा किसानले खुलेरै छलफल गरे । यसले किसानलाई आफ्नो मुद्दाको बारेमा सचेत पार्न मद्दत गऱ्यो । बुलेटिनकै माध्यमबाट हामी जस्ता अभियानकर्ता र भूमि अधिकारबाट वञ्चित किसानले कुन दलको घोषणापत्रमा के–के भूमि सुधारको मुद्दा लेखिएको छ भन्नेबारे थाहा पाइयो । यसले आगामी दिनमा पनि हामीलाई भूमिको मुद्दाका विषयमा राजनीतिक दलका नेताहरूसँग छलफल गर्नका लागि सजिलो हुनेछ ।

बुलेटिनमा छापिने लेख, रचना, परिवर्तनका कथाहरू, भूमि तथा कृषि अधिकारसम्बन्धी महत्वपूर्ण जानकारी हामी अभियानकर्ता र अगुवाहरूका लागि क्षमता विकासको राम्रो सामग्री भएको छ ।

*–राजकुमार तामाङ*
*रामेछाप*

## आस जागेको छ

चुनावी घोषणापत्रमा भूमि सुधारको मुद्दा पढ्न पाइयो । खुसी पनि लाग्यो र धेरै आशा पनि जागेको छ कि अबचाहिँ साँच्चै यी दलले नेपालमा भूमि सुधार गर्छन् । भर्खरै सकिएको संविधान सभा निर्वाचनका अवसरमा सबै दलले आफ्नो प्रतिबद्धतापत्रमा भूमि सुधारका मुद्दा जोडतोडका साथ उठाएका छन् । यसले हामी जस्तो भूमि अधिकारबाट वञ्चितहरूलाई आशा जगाउनु स्वाभाविक पनि हो । अबको संविधान सभाबाट भूमिहीनका समस्या समधान हुने किसिमको भूमि सुधारको नीति लागु होस् भन्ने कामना पनि गर्दछौं ।

भूमि अधिकार बुलेटिन आगामी दिनमा पनि यस्तै ज्ञानबर्द्धक सामग्रीसहित नियमितरूपमा प्रकाशन हुनेछ र हामी जस्ता ग्रामीण भेगमा बस्ने किसानलाई आफ्नो समस्याबारे धेरै बुझ्ने मौका प्राप्त हुनेछ भन्ने विश्वास छ ।

*–सबुरलाल राम*
*सप्तरी*

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

पठाउने ठेगाना :

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org